नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

## सरकारको कमीकमजोरी देखाउने र आलोचना गर्ने छुट सबैलाई छः अर्थमन्त्री

समाचार पृष्ठ ५ मा



वर्ष ३ • अंक २८५ • २०८२ साल भाद्र २२ गते आइतबार • Sunday 07, September 2025 • सूर्योदयः बिहान ५:४५ बजे • सूर्यास्तः साँझ ६:२० बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

# मधेशका ४० स्थानीय तह अझै बजेटविहीन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
देशभरका अधिकांश स्थानीय तहले चालु आर्थिक वर्षको बजेट सार्वजनिक गर्न सकेका छैनन् । नियमअनुसार प्रत्येक स्थानीय तहले आर्थिक वर्षको शुरुवातसँगै बजेट सार्वजनिक गर्नुपर्ने भए पनि अहिलेसम्म ६१ स्थानीय तहले यस कार्य पूरा गर्न सकेको छैन । यसमा मधेश प्रदेश विशेष चिन्ताको विषय बनेको छ ।

मधेशका ४० स्थानीय तहले अझै बजेट प्रस्तुत गर्न बाँकी छ । स्थानीय तहले बजेट सार्वजनिक नगर्नुको प्रमुख कारण राजनीतिक विवाद, आन्तरिक प्रशासनिक कमजोरी र स्थानीय तहभित्र रहेका संरचनागत समस्याहरू रहेको मन्त्रालयले जनाएको छ । बजेट पेस नभएपछि विकास कार्यको योजना र कार्यान्वयनमा अवरोध उत्पन्न भएको छ । यसले नगद प्रवाह, सामुदायिक परियोजना र जनतालाई लक्षित सामाजिक सेवा कार्यक्रम सञ्चालनमा चुनौती थपेको छ । मन्त्रालयका अधिकारीका अनुसार कोशी प्रदेशका ५, बागमती प्रदेशका ५ र मधेश प्रदेशका ४० स्थानीय तहले अहिलेसम्म बजेट पेश गरेका छैनन् । यो स्थिति नियमन र समयसीमाको उल्लङ्घन मात्र नभई स्थानीय प्रशासनिक क्षमता र पारदर्शितामा पनि प्रश्न उठाएको छ । विशेषज्ञहरूका अनुसार बजेट सार्वजनिक नगर्दा नगरपालिकाहरू र गाउँपालिकाहरूको विकास निर्माण, शैक्षिक कार्यक्रम, स्वास्थ्य सेवा र स्थानीय पूर्वाधार कार्य प्रभावित हुने खतरा उच्च रहेको छ । उनीहरू भन्छन्, 'स्थानीय तहले बजेट पेश नगरी विकास र योजना कार्यान्वयनमा ढिलाइ गर्नु, जनताप्रति गैरजिम्मेवारपनाको संकेत हो ।'

मधेश प्रदेशका धेरै स्थानीय तहमा राजनीतिक विवाद र पदाधिकारीहरूको असहमतिले पनि बजेट पेशमा बाधा पुर्‍याएको पाइएको छ । यसले जनतामा असन्तुष्टि बढाउने र विकास कार्यमा अनिश्चितता सिर्जना गर्ने सम्भावना बढाएको छ । साथै, विकास निर्माण ठेक्का, सार्वजनिक स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षा कार्यक्रमहरू प्रभावित हुन सक्ने चेतावनी जानकारहरूले दिएका छन् ।

सरकारी अधिकारीहरूले स्थानीय तहसँग समयमै बजेट पेश गर्न बारम्बार पत्राचार र निर्देशन दिए पनि अहिलेसम्म अवस्था सुधारिएको छैन । यसले आगामी आर्थिक वर्षको योजनाको क्रियान्वयनमा ढिलाइ र विकास कार्यक्रममा रोकथाम हुने जोखिम बढाएको छ । स्थानीय तहले राजनीतिक मतभेद र प्रशासनिक चुनौतीलाई पार गर्दै बजेट सार्वजनिक गर्ने व्यवस्था अविलम्ब सुनिश्चित गर्नुपर्छ । बजेटको पारदर्शी र समयमै सार्वजनिक हुनुले मात्रै स्थानीय विकास र जनताको हितमा ठोस परिणाम ल्याउन सक्नेछ ।

यो स्थिति मधेश प्रदेशको ४० स्थानीय तहमा बढी देखिएकोले प्रदेश सरकार र सम्बन्धित निकायले तुरुन्त हस्तक्षेप गरी समस्या समाधान गर्नुपर्ने दबाब बढेको छ ।




भरत रौनियारद्वारा AI बाट बनाइएको तस्बिर ।

# 'गुठी कानुन परिमार्जनबिना स्थानीय विकास सम्भव छैन'



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साहले गुठी सम्बन्धी विद्यमान कानुनमा आवश्यक संशोधन नगरी जनकपुरधामको विकास सम्भव नहुने बताएका छन् । शनिबार जनकपुरधाममा आयोजित राजदेवी, बौद्धी माता तथा अन्नपूर्ण माताको पूजा व्यवस्थापन र दशैंका अवसरमा हुने बोकाबली व्यवस्थापनसम्बन्धी बृहत सर्वपक्षीय छलफल कार्यक्रममा बोल्दै मेयर साहले संघीय गणतान्त्रिक लोकतन्त्र लागू भए पनि गुठी सम्बन्धी कानुनमा कुनै परिवर्तन नभएकोप्रति असन्तुष्टि जनाए । उनका अनुसार तीन तहका सरकारलाई अधिकार र जिम्मेवारी बाँडफाँट गरिएको भए पनि गुठी संस्थान अझै पनि केन्द्रीय प्रणालीमा मात्रै सीमित छ । यसका कारण स्थानीय तहको अधिकार कटौती भएको छ । 'जनकपुरधामका मन्दिरहरुमा दैनिक पूजाआजादेखि विद्युत् र पानीजस्ता आधारभूत आवश्यकता पुरा गर्नसमेत गुठी संस्थानले अवरोध गरिरहेको छ । गुठी संस्थानमा विकेन्द्रीकरण नभएसम्म जनकपुरधामले वास्तविक विकासको अनुभूति गर्न सक्दैन,' मेयर साहले भने । मेयर साहले जनकपुरधामका विभिन्न मन्दिरहरुको उदाहरण प्रस्तुत गर्दै विद्युत प्राधिकरणले केही मन्दिरमा विजुली काटिदिएको घटनाप्रति गम्भीर आपत्ति जनाए । 'मन्दिर अन्धकारमा राखेर कसरी धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण हुन्छ ? सम्भव भए गुठी संस्थानले आफ्नै नेतृत्वमा ती मन्दिरहरुको बिजुली–पानीको व्यवस्थापन गर्नुपर्छ,' उनले भने । दशैंका अवसरमा पूजाका सामान ल्याउन सहज बनाउन साहले वैकल्पिक नाकाको प्रयोग गर्नुपर्ने बताएका छन् । हाल जनकपुरधामसँग जोडिएको जटही नाका केही दिनका लागि बन्द रहेको जानकारी दिँदै उनले महोत्तरीस्थित भिठ्ठामोड नाका प्रयोग गर्न पहल गर्ने बताए ।

'महोत्तरीका मेयरदेखि प्रमुख जिल्ला अधिकारी, भन्सार प्रमुख र सुरक्षा निकायसम्म सम्पर्क गरेर पूजाको सामान सहज रुपमा ल्याउन सुनिश्चित गर्नेछौं,' मेयर साहले भने । मेयर साहले घटस्थापनादेखि नै दशैं व्यवस्थापनमा विजुली, पानी, सुरक्षा र ट्राफिक व्यवस्थापनमा कुनै कसर नछाडिने प्रतिबद्धता व्यक्त गरे । श्रद्धालु भक्तजनलाई सहज र सुरक्षित वातावरण दिन मातहतका पदाधिकारीहरुलाई सक्रिय भएर काम गर्न उनले निर्देशनसमेत दिए । छलफलमा संलग्न विभिन्न युवा क्लबहरुले उपसमितिहरु बनाएर जिम्मेवारी बाँडफाँट गर्ने निर्णय लिएको जानकारी दिइएको छ । त्यसैगरी, जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले यस वर्ष दशैंलाई अन्य वर्षभन्दा फरक र थप व्यवस्थित बनाउनुपर्ने सुझाव दिए । छलफलमा सहभागिहरुले जनकपुरधाम धार्मिक–सांस्कृतिक शहर भएकाले गुठी संस्थानसँग सम्बन्धित कानुनलाई स्थानीय आवश्यकता अनुसार परिमार्जन गर्नुपर्ने निष्कर्ष निकालेको महावीर युवा कमिटीका महासचिव भरत साहले जानकारी दिए । मेयर साहले उठाएको गुठी विकेन्द्रीकरणको मागलाई उपस्थित सहभागीहरुले पनि समर्थन जनाएका थिए ।

# विजयादशमी भव्यतापूर्वक मनाउने सर्वपक्षीय सहमति



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
हिन्दू धर्मावलम्बीहरूको महत्वपूर्ण पर्व विजयदशमी भव्यतापूर्वक मनाउने विषयमा जनकपुरधाममा सर्वपक्षीय सहमति भएको छ । महावीर युवा कमिटी र राम युवा कमिटीको संयुक्त आयोजनामा शनिबार सम्पन्न सर्वपक्षीय बैठकले प्रत्येक वर्षजस्तै यस वर्ष पनि पर्व भव्यतापूर्वक मनाउने निर्णय गरेको हो । बैठकमा धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी, जनकपुरधाम उपमहानगरपालिकाका प्रतिनिधि, तिनै तहका सुरक्षा निकायका प्रमुख, जनकपुरधाम उद्योग वाणिज्य संघका पदाधिकारी र अघिकांश युवा क्लबका अध्यक्षहरू सहभागी थिए । बैठकमा विशेष ध्यान मेला व्यवस्थापनमा दिनुपर्ने विषयमा केन्द्रित भयो । राम युवा कमिटीका महासचिव विजय साहका अनुसार शुद्ध खानेपानीको सुविधा, विद्युत आपूर्ति, जनस्वास्थ्यको संरक्षण र शान्ति सुरक्षाको सुनिश्चिततालगायतका मुख्य मागहरू समावेश गरिएको छ । सबै सम्बन्धित निकायले पर्व अवधिभर आवश्यक सहयोग र समन्वय गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । भक्तजनहरूको सुविधा सुनिश्चित गर्न बोकाबलीका लागि आउने आगन्तुकहरूको राति र विहानमा पर्याप्त खानेपानी आपूर्ति, मन्दिर आसपासको क्षेत्र लोडसेडिङ्ग मुक्त गर्ने, अष्टमीका दिन विशेष मेडिकल क्याम्प सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित निकायलाई तोकिएको छ । पर्व अवधिभर ट्राफिक व्यवस्थापन, भीड नियन्त्रण र सुरक्षा सुदृढ गर्न पनि सबै पक्षले पहल गर्ने सहमति भएको छ । महासचिव साहले भने, 'हामीले सर्वपक्षीय सहमतिमार्फत सबै पक्षसँग समन्वय गरिसकेका छौँ । यसले जनकपुरधाममा धार्मिक, सांस्कृतिक र सामाजिक रूपमा सुरक्षित र व्यवस्थित विजयदशमी पर्व सुनिश्चित गर्नेछ ।'

साथै, बैठकले विभिन्न युवा संगठनहरूलाई उपसमिति बनाएर जिम्मेवारी वितरण गर्ने व्यवस्था गर्न सुझाव दिएको छ । यसले मेला व्यवस्थापनलाई थप व्यवस्थित बनाउने र आपतकालीन अवस्थामा छिटो प्रतिक्रिया दिने अवसर सुनिश्चित गर्ने बताइएको छ ।

# ठेकेदारको ढिलासुस्तीले सडक निर्माण अलपत्र

**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीको बर्दिबास नगरपालिका–१० र ११ हुँदै जाने वनपथ–खयरमारा सडक निर्माण शुरु भएको चार वर्ष बितिसक्दा पनि अझै अधुरो छ । केवल पाँच किलोमिटर लामो यो सडक ठेकेदारको ढिलासुस्ती, बजेट विवाद र प्रशासनिक कमजोरीका कारण समयमै सम्पन्न हुन नसकेर विवादमा तानिएको हो । पूर्वपश्चिम राजमार्ग हुँदै दक्षिणमा भारतीय सीमा र उत्तरतर्फ खयरमारा–मरिनखोला हुँदै मदन भण्डारी राजमार्गलाई जोड्ने यो सडक व्यापारिक र रणनीतिक हिसाबले निकै महत्त्वपूर्ण मानिन्छ । तर, निर्माण कार्य नियोजित समयमा सम्पन्न हुन नसक्दा यहाँका स्थानीय बासिन्दाले दैनिक आवागमनमा ठूलो सास्ती भोगिरहेका छन् । बर्दिबास नगरपालिकाका नगरप्रमुख प्रह्लाद क्षेत्रीले सडक बर्दिबासका विकट भेगको विकासका लागि आधारभूत परियोजना भएको भन्दै पटक–पटक सम्बन्धित निकायलाई चाँडो काम सम्पन्न गर्न आग्रह गरेको बताए । तर, ठेकेदार कम्पनीको लापरबाहीका कारण परिणाम देखिन नसक्दा उनले निराशा व्यक्त गरेका छन् । 'फेरि पनि निर्माणमा लापरबाही हुनु दुर्भाग्यपूर्ण हो,' नगरप्रमुख क्षेत्रीले भने । यस सडकको डिपिआर आर्थिक वर्ष २०७७÷७८ मै तयार भई २०७८÷७९ मा पुष्पाञ्जली कन्स्ट्रक्सन प्रालि काठमाडौंसँग पाँच करोड ५८ लाख ६० हजार



रुपैयाँमा ठेक्का सम्झौता भएको थियो । सम्झौता अनुसार २०८० पुस मसान्तसम्म सडक निर्माण सम्पन्न हुनुपर्ने भए पनि अहिलेसम्म जम्मा एक हजार छ सय मिटर मात्र कालोपत्रे गरिएको छ । पूर्वाधार विकास कार्यालयका अनुसार ठेकेदार कम्पनीलाई हालसम्म करिब दुई करोड ६९ लाख रुपैयाँ भुक्तानी भइसकेको छ । साइट इन्चार्ज इन्जिनियर विजय साहका अनुसार ठेकेदार कम्पनीलाई पटक–पटक पत्राचार गरी म्याद पनि दुईपटक थपिएको थियो । तर, अझै पनि २,८०० मिटर सडक कालोपत्रे हुन बाँकी छ ।

'ठेकेदारले काम शुरु गरेको देखाउन दुई पटक प्राइम लगाएको भए पनि दुवै पटक बेस उप्किएर खाल्टाखुल्टी बढेको छ,' साहले भने, '२० लाख रुपैयाँ जति खर्च पनि भइसकेको छ । तर, ठोस काम अगाडि बढेको छैन ।' स्थानीय बासिन्दाले सडक निर्माणमा ढिलासुस्तीका कारण आवागमनमा ठूलो कठिनाइ भएको गुनासो गरेका छन् । समाजसेवी पोषण थापाले भने, '२०८० पुसमै सम्पन्न हुनुपर्ने सडक अझै अधुरो छ । पटक–पटक म्याद थप्दा पनि ठेकेदारले अटेर गर्नु कसको कमजोरी हो ? सरकार र प्रशासनले जवाफ दिनुपर्छ ।' पूर्वाधार विकास कार्यालयका अधिकारीहरूका अनुसार ठेकेदार कम्पनीले छिट्टै काम सम्पन्न गर्ने आश्वासन त दिने तर व्यवहारमा काम नगर्ने प्रवृत्तिले समस्या गहिरिँदै गएको छ । अब सडक निर्माण छिटो सम्पन्न नगर्ने हो भने ठेकेदारमाथि कारबाही गर्ने विकल्प मात्रै बाँकी रहेको सरोकारवालाको भनाइ छ ।

# कतै ट्रफि त कतै कुखुरा पुरस्कार

**मधेशदृष्टि**
**सप्तरी ।**
निजामती कर्मचारी दिवस तथा आसन्न चाडपर्वको अवसर पारेर दुई छुट्टाछुट्टै संस्थाले मैत्रीपूर्ण फुटवल प्रतियोगिताको आयोजना गरेका छन् । दुई मैत्रीपूर्ण प्रतियोगिताका एक बिजेता टिमले ट्रफि र प्रमाणपत्र पाएका छन् भने अर्को विजेता टिमले पुरस्कार स्वरुप २५ किलो तौल बराबरको ११ वटा कुखुरा प्राप्त गरेका छन् । यस्तो रोचक प्रतियोगिता शनिबार राजविराजस्थित राजरंगशालामा सम्पन्न भएको हो । दुबै प्रतियोगितामा जिल्ला फुटवल संघ सप्तरीले प्राविधिक सहयोग गरेका छन् । २२औं निजामती कर्मचारी दिवसको अवसरमा जिल्ला अदालत सप्तरी र उच्च अदालत जनकपुर राजविराज इजलाशको संयुक्त आयोजनामा आयोजित पहिलो मैत्रीपूर्ण फुटवल प्रतियोगितामा आयोजक दुबै टिमबीच नै प्रतिस्पर्धा भएको थियो । २५–२५ मिनेट खेलाइएको उक्त खेलमा जिल्ला अदालत सप्तरीलाई २ का बिरुद्ध ५ गोल अन्तरले पराजित गर्दै उच्च अदालत जनकपुर राजविराज इजलाश टिम विजयी भए । विजयी खेलाडीहरुलाई ट्रफि र प्रमाणपत्र वितरण गर्दै प्रमुख अतिथि उच्च अदालत जनकपुर राजविराजका मुख्य न्यायाधीश बामदेव ज्ञवालीले खेलको माध्यमबाट मनोरञ्जन गर्ने उद्देश्यले निजामती कर्मचारी दिवसको अवसरमा यस्तो कार्यक्रम दुबै अदालतले मिलेर आयोजना गरेकोमा आयोजकलाई धन्यवाद दिए ।



दैनिक ८ घण्टा कार्यालयको काम गर्ने कर्मचारीलाई फरक अनुभव, उत्साह र मनोरञ्जनका साथै यस्ता खेलले ताजगी प्रदान गर्ने उनको भनाइ छ । शनिबार नै हिमालय क्लब राजविराजले आयोजना गरेको अर्को मैत्रीपूर्ण फुटवल प्रतियोगितामा आयोजक हिमालय क्लवले जिएसएफसी चिम्टि क्लवलाई २–० गोल अन्तरले हराउँदै पुरस्कार वापत २५ किलो बराबरको ११ वटा कुखुरा प्राप्त गरेका छन् । उपबिजेता जिएसएफसी चिम्टि क्लबले १५ किलो बराबरको ७ वटा कुखुरा प्राप्त गरे । उक्त खेलका विजेताहरुलाई प्रमुख अतिथि समाजसेवी प्रविन चौधरी र फुटवलका प्रशिक्षक प्रज्वल सिंह सेवाले उक्त परिमाणको कुखुरा प्रदान गरेका थिए । जिल्लामा पहिलो पटक पुरस्कारमा कुखुरा राखेर खेलाइएको प्रतियोगिता हेर्न दर्शकहरुपनि उल्लेख्य संख्यामा राजरंगशालामा उपस्थिति भएका थिए ।

# आठ वर्षपछि सप्तरी महोत्सव

**मनोज माझी**
**सप्तरी ।**
आठ वर्षदेखी रोकिएको सप्तरी महोत्सवको पुनः आयोजना गर्न चाँजो मिलेको छ । पछिल्लो पटक क्रमशः २०६८ सालमा प्रथम र २०७४ सालमा दोस्रो सप्तरी महोत्सवको आयोजना भएयता ठप्प थियो । जिल्लाको उद्योग, पर्यटन, व्यापार, व्यवसाय र स्थानीय वस्तुको प्रवद्र्धनका लागि महत्वपूर्ण मानिएको महोत्सव विभिन्न कारणले ओझेलमा परेको थियो । आठ वर्षपछि तेस्रो सप्तरी महोत्सव आयोजना गर्न सप्तरी उद्योग वाणिज्य संघ जुर्मुराएका छन् । शनिबार सप्तरी उद्योग वाणिज्य संघले पत्रकार सम्मेलनको आयोजना गरि विभिन्न कारणले निरन्तरता दिन नसकिएको महोत्सव यस पल्ट 'सप्तरीको विकास हाम्रो प्रतिबद्धता' नाराका साथ आगामी असोज २२ देखि सञ्चालन हुने जानकारी गराएको छ । पत्रकार सम्मेलनमा संघका अध्यक्ष लालुप्रसाद अग्रवालले आर्थिक मन्दी, कोरोना लगायत विभिन्न कारणले रोकिएको महोत्सव पुनः असोज २२ देखि कात्तिक ६ गतेसम्म भव्य र सभ्य ढंगले संचालन गर्ने गरि आवश्यक तयारी शुरु गरिएको जानकारी दिए । आर्थिक मन्दीका कारण समस्या झेलिरहेका सप्तरीका व्यापार, व्यवसाय र कलकारखानाको अवस्था उकास्न, स्थानीय स्तरका उत्पादनको बजारीकरण गर्न, व्यापार प्रवद्र्धन गर्न तथा पर्यटन विकास र जिल्लाको आर्थिक समृद्धिका लागि महोत्सव आयोजना गर्न लागिएको बताए । स्थानीय राजरंगशाला खेल मैदानमा आयोजना हुने महोत्सवमा आवश्यक सुविधासहित कृषि उत्पादन, उपकरण, हस्तकला, दुधजन्य परिकार र विभिन्न जाति समुदायका फुडका गरि कुल १ सय ७० वटा स्टल रहने छन् ।




महोत्सवमा कलासंस्कृति झल्कने कार्यक्रम एवम् बस्तुको प्रदर्शनी समेत हुनेछ । १० करोड रुपैयाँ बराबरको कारोबार गर्ने लक्ष्यका साथ शुरु हुने महोत्सव अवधिभर करिब ४ लाख भन्दा बढी आन्तरिक एवम् बाह्य पर्यटकले अवलोकन गर्न आउने अनुमान गरिएको अधयक्ष अग्रवालले बताए । पत्रकार सम्मेलनमा संघका महासचिव अमृत संचेतीले ओझोलमा परेका सप्तरीको पर्यटक स्थलहरुको प्रचार र प्रसारका लागि पनि महोत्सवको आयोजना गर्न लागिएको बताए । महोत्सवमा प्रवेश शुल्क १ सय देखी ३ सय रुपैयाँसम्म हुने तथा प्रत्येक प्रवेश शुल्क टिकटमा कुनै न कुनै उपहार प्रदान गरिने उनले बताए ।
उनले महोत्सवमा स्थानीय र राष्ट्रिय कलाकारका सथै मित्रराष्ट्र भारतका समेत चर्चित कलाकारहरुद्वारा साँस्कृतिक कार्यक्रम प्रस्तुत हुने जानकारी दिए ।
महोत्सवको सहआयोजकमा जिल्लाका १८ वटै पालिका तथा सहयोगि संस्थाका रुपमा जिल्ला प्रशासन कार्यालय, पत्रकार महासंघ सप्तरी, सबै राजनैतिक दल र संघसंस्था रहेका छन् । यस्तै प्रवद्र्धकका रुपमा नेपाल उद्योग वाणिज्य महासंघको केन्द्रिय र प्रदेश कार्यालय रहेको आयोजक सप्तरी उद्योग वाणिज्य संघले जनाएको छ ।

# १३ पालिकामा निस्सा वितरण, दुई पालिका सुस्त

**मधेशदृष्टि**
**सप्तरी ।**
भूमि समस्या समाधान आयोग सप्तरीका अध्यक्ष अखिलेश झाले जिल्लाका केही पालिकाले भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोवासीको समस्या समाधानमा चासो नदेखाएको भन्दै असन्तुष्टि व्यक्त गरेका छन् । अध्यक्ष झाले भने, 'म अध्यक्ष भएपछि पटकपटक पालिकामा पुगेर प्रक्रिया अघि बढाउन आग्रह गरेँ । तर, कतिपय जनप्रतिनिधिले कुनै सुनुवाइ नै गरेनन् । यसरी राज्यले दिएको सुविधा अवरोध गर्नु गैरजिम्मेवारिता हो ।' जिल्लाका अधिकांश पालिकाले काम अघि बढाए पनि विष्णुपुर र तिलाठी कोइलाडी गाउँपालिकाले भने अहिलेसम्म प्रक्रिया शुरू नगरेको अध्यक्ष झाले बताए । यसकारण त्यहाँका भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोवासीले राज्यले उपलब्ध गराउने सुविधा पाउन नसक्ने अवस्थामा पुगेको उनको भनाइ छ । जिल्लाका १८ पालिकामध्ये सप्तकोशी, खडक, राजविराज, कञ्चनरूप, बोदेबर्साइन, डाक्नेश्वरी, सुरुङ्गा, हनुमाननगर कङ्कालिनी नगरपालिका र अग्निसाइर कृष्णासवरन, रूपनी, राजगढ, तिरहुत गाउँपालिकासहित १३ पालिकामा करिब ८० प्रतिशत काम सम्पन्न भइसकेको आयोगले जनाएको छ । यी पालिकामा निवेदन स्वीकृति र जग्गा वितरणका लागि निस्सा वितरण भइरहेको छ । यस्तै, खडक, सप्तकोशी नगरपालिका र अग्निसाइर कृष्णासवरन गाउँपालिकामा नापी कार्य जारी रहेको अध्यक्ष झाले बताए । आयोगका अनुसार चालु आर्थिक वर्ष २०८१÷८२ को जेठसम्म सप्तरीमा भूमिहीन दलित पाँच हजार १७ जना, भूमिहीन सुकुम्वासी दुई हजार ६८९ जना गरी जम्मा १२ हजार ९८८ जनाले आवेदन दिएका छन् । त्यसैगरी, अव्यवस्थित बसोवासी (अधुरो÷अपुरो) को २४७ वटा निवेदन परेकोमा अहिले पनि निवेदन संकलन कार्य जारी छ । अन्तिम पटक सूचना निकालिएको भन्दै अध्यक्ष झाले हाल निवेदन लिने काम जारी रहेको जानकारी दिए । सप्तकोशी नगरपालिका र रूपनी गाउँपालिकामा काम अन्तिम चरणमा पुगेको छ । यसै महिनाभित्र जग्गाधनी पुर्जा वितरण गर्ने तयारी भइरहेको उनले बताए । अध्यक्ष झाले सबै पालिकालाई निष्क्रियता त्यागेर प्रक्रियामा सहभागी हुन आग्रह गर्दै भूमिहीनलाई राज्यले दिएको अधिकार सुनिश्चित गर्न जनप्रतिनिधिले अग्रसरता देखाउनुपर्नेमा जोड दिए ।

# 'मोहम्मद डे' हर्षोल्लासका साथ मनाइयो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
इस्लाम धर्मका प्रवर्तक हजरत मोहम्मद पैगम्बर सल्लाह अलैवसल्लामको जन्म जयन्ती (मोहम्मद डे) विश्वभरका मुस्लिम धर्मावलम्बीहरूले हर्षोल्लासका साथ मनाएका छन् । जनकपुरधाम, वीरगंजसहित देशका विभिन्न स्थानमा पनि मुस्लिम समुदायले विभिन्न धार्मिक कार्यक्रम र जुलुसको आयोजना गरी पवित्र दिनलाई विशेष रूपमा स्मरण गरेका छन् । मधेश प्रदेश सरकारले मोहम्मद डेको अवसरमा सार्वजनिक बिदासमेत दिएको थियो । इस्लामी पात्रो हिजरी सम्वतको रब्बीअव्वल महिनाको १२औँ दिनमा साउदी अरबको मक्कामा बिबि आमिनाको कोखबाट हजरत मोहम्मदको जन्म भएको दिनको सम्झनामा जन्म जयन्ती मनाउने गरिन्छ ।




# मिथिलाञ्चलमा परम्परागत अनन्त पूजा सम्पन्न

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मिथिलाञ्चलसहित सम्पूर्ण तराई–मधेशका जिल्लामा भाद्र शुक्लपक्ष चतुर्दशीका दिन मनाइने अनन्त पूजा यस वर्ष पनि विधिवत् रूपमा सम्पन्न गरिएको छ । भगवान् विष्णुको प्रतीक मानिने अनन्त सूत्रको विधिपूर्वक पूजा गरी परिवारका सदस्यहरूले धारण गर्ने परम्परा यस पटक पनि उत्साहपूर्वक देखिएको छ । धार्मिक मान्यताअनुसार पुरुषहरूले दाहिने र महिलाहरूले बायाँ पाखुरामा अनन्त सूत्र बाँध्ने परम्परा छ । १४ वटा गाँठ हालेर तयार पारिने उक्त सूत्र भगवान् विष्णुको १४ नामहरूको प्रतीक मानिन्छ । रातो, पहेंलो र हरियो धागो मिसाएर बनाइने अनन्त धारण गरे सुख, शान्ति र समृद्धि प्राप्त हुने विश्वास गरिएको छ । कतिपय भक्तजनले यसलाई वर्षभरि नै पाखुरामा राख्ने परम्परा पनि जोगाइरहेका छन् । धार्मिक मान्यता अनुसार सत्य युगमा समुद्र मन्थन गर्दा अमृतसहित १४ रत्न प्राप्त भएको दिनलाई सम्झन अनन्त पूजा गर्ने प्रचलन शुरु भएको हो । १४ वटा रत्नको प्रतीकस्वरूप १४ गाँठ हालिएको सूत्रलाई समृद्धिको प्रतीक मानिन्छ । महाभारतकालीन कथा अनुसार जुवामा सम्पत्ति र राजपाट गुमाएर वनवास गएका पाण्डवहरूले भगवान् श्रीकृष्णको आज्ञा अनुसार धर्मराज युधिष्ठिरको नेतृत्वमा अनन्त पूजा गरेका थिए । उक्त व्रतकै कारणले उनीहरूले अज्ञातवास र कठिन जीवनबाट मुक्ति पाएको धार्मिक विश्वास छ । अनन्त चतुर्दशीका दिन जनकपुरधामस्थित जानकी मन्दिर, राम मन्दिर र पण्डितहरूको घरमा भक्तजनहरूको ठूलो भीड देखियो । पण्डित–पुरोहितले मन्त्र उच्चारणसहित पूजा गराएपछि भक्तजनहरू प्रसाद र सूत्रसहित घर फर्केर धारण गर्ने प्रचलन रहिआएको छ । अनन्त पूजा मिथिलाञ्चलको प्रमुख धार्मिक–सांस्कृतिक पर्वमध्ये एक मानिन्छ । यस दिन गरिएको पूजा र व्रतले पारिवारिक सम्बन्ध सुदृढ हुने, कष्ट टर्ने र जीवनमा सकारात्मक ऊर्जा थपिने विश्वास छ । यही विश्वासका कारण मिथिलाञ्चलका ग्रामीण बस्तीदेखि शहरसम्मका घरघरमा अनन्त पूजा गर्ने परम्परा निरन्तर जीवित छ ।

# नेपाल प्रहरी प्रदेश कार्यालय वीरगंजमा स्थापना

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशको राजधानी जनकपुरधामबाट सञ्चालन हुँदै आएको नेपाल प्रहरी प्रदेश कार्यालय पुनः वीरगंजमा स्थापना भएको छ । सरकारले २०७७ सालमै कार्यालय वीरगंजमै रहने निर्णय गरेको भए पनि अस्थायी रूपमा जनकपुरधामबाट सञ्चालन हुँदै आएको थियो । अब वीरगंजस्थित अन्तरप्रहरी कार्यालयको भवनबाट विधिवत् रूपमा प्रहरी प्रदेश कार्यालयले काम प्रारम्भ गरेको हो । कार्यालयका प्रमुख वरिष्ठ प्रहरी उपरीक्षक शान्तिराज कोईरालाले पत्रकारहरूसँग परिचयात्मक कार्यक्रममा कार्यालयका जिम्मेवारी, अधिकार क्षेत्र र कार्ययोजना बारे जानकारी दिए । उनका अनुसार मधेश प्रदेशका ३९ वटा मुद्दा चलाउने इकाइहरूको अनुगमन गर्ने, कामकाजमा देखिएका कमी कमजोरीमा निर्देशन दिने, लागुऔषध नियन्त्रण, फरार अभियुक्त पक्राउ, आतंकवाद तथा साइबर अपराधसँग सम्बन्धित मुद्दा हेर्ने काम यस कार्यालयले गर्नेछ । साथै नागरिकता सम्बन्धी मुद्दा, राज्यविरुद्धका अपराध तथा संघीय सरकारले तोकेको वा राजपत्रमा प्रकाशित मुद्दा पनि यसै कार्यालयमार्फत व्यवस्थापन हुनेछ ।

सम्पादकीय

# सामाजिक प्लेटफर्म बन्द हुँदा कस्तो असर?

*आजको समय मोबाइल र सामाजिक सञ्जालको व्यस्तताले चिनिन्छ। बिहानै उठ्नेबित्तिकै मोबाइलको पर्दामा ध्यान केन्द्रित गर्ने, दिनभर सामाजिक प्लेटफर्ममा रमाउने र राति सुत्नुअघि पनि स्क्रोल गर्ने बानी सामान्य भइसकेको छ।*

*यस प्रवृत्तिले बालबालिका, महिलाहरू, परिवार र समाजमा नकारात्मक असर पार्दै आएको अभिभावकहरूले लामो समयदेखि अनुभव गर्दै आएका छन् । विशेषगरी बालबालिकाले पढाइभन्दा बढी टिकटक, फेसबुक वा भिडियो गेममा समय बिताउँदा उनीहरूको शैक्षिक विकासमा असर परेको छ । महिलाहरू घरायसी काम सकेपछि छिमेकीसँग भेटघाट गर्नुभन्दा मोबाइलमै समय बिताउन रुचाउँछन् । यसरी सामाजिकीकरणको सट्टा मोबाइलकरणले स्थान लिँदा परिवारभित्रको संवाद र सामाजिक अन्तरक्रिया कमजोर भएको छ । यस्तै अवस्थामा नेपाल सरकारले दर्ता नगरेका र कर नतिरेका एप्स सञ्चालनमा रोक लगाएको निर्णयले सामाजिक सञ्जालमा अस्थायी अवरोध ल्याएको छ।*

*२६ वटा सामाजिक प्लेटफर्म अस्थायी रूपमा निस्क्रिय भएका छन् । यो कदमले अभिभावक र समाजमा खुशीको भावना जगाएको छ । बालबालिकाले पढाइमा ध्यान दिने, परिवारभित्र संवाद बढ्ने र महिलाले वास्तविक जीवनमा सामाजिक क्रियाकलापमा समय दिन सक्ने वातावरण बनेको छ । तर, असुविधा पनि देखिएको छ।*

*विदेशमा रहेका श्रीमान् वा परिवारसँग नियमित सम्पर्क राख्ने जस्ता उचित प्रयोगकर्ताहरू अस्थायी बन्दका कारण प्रभावित भएका छन् । मनोविज्ञानका शिक्षक हरिप्रसाद यादवले भनेझैँ, सामाजिक सञ्जाल आफैंमा नराम्रो होइन, तर यसको अनियन्त्रित प्रयोगले पारिवारिक मूल्य र सामाजिक सम्बन्ध कमजोर बनाएको छ । यही सन्दर्भमा सरकारले अस्थायी बन्दको निर्णय लिनु सकारात्मक कदम हो । यसले प्रयोगकर्तालाई आत्ममूल्याङ्कन गर्न र समयको सदुपयोग गर्न प्रेरित गर्नेछ । आवश्यक छ कि भविष्यमा सामाजिक प्लेटफर्मलाई कानुनअनुसार दर्ता, कर बुझाएर व्यवस्थित रूपमा प्रयोग गराउने नीति लागु होस् । केवल बन्द गरेर समस्याको समाधान हुँदैन । सामाजिक सञ्जालको उचित प्रयोगले मात्र बालबालिका पढाइमा फिर्ता आउँछन्, परिवारभित्र संवाद बढ्छ र समाजमा वास्तविक मानव सम्बन्ध मजबुत हुन्छ । यसरी मोबाइल र सामाजिक प्लेटफर्मको सदुपयोगले व्यक्तिगत जीवन, परिवार र समाज दुवैलाई लाभ पुऱ्याउन सक्छ।*

## सामाजिक सञ्जालको असर:
## 'बेटाके फोन नइ लागिरहल है आई'



दिवाकर उप्रेती

***'सर नमस्कार,देखुन् बेटाके फोन नै लाईरहल है आई, कनिक हमर ई मोवाईल देखदेवै ।'***

म जनकपुर भन्दा करिब ४५ किलोमिटर दुर गणेशमान चारनाथ नगरपालिकाको फिल्डमा पानी सम्बन्धमा समुदायसँग कुरा गरेर फर्कदै गर्दा स्थानीय राम दुलार यादवले मधुरो आवाजमा माथिको कुरा सुनाए । उनको चिन्तित र त्रासित अनुहारले छोरालाई गरेको फोन किन लागेन भनेर दर्शाउँथ्यो । बिहीवार साँझमात्र मलेसियामा रहेको छोरा गणेश यादवसँग साहुलाई तिर्नेका लागि पैसा पठाईदिन गफ गरेका उनलाई पठाईदियो कि दिएन भनेर सोध्न पर्ने थियो । दिनभर इमोमा छोराको अनुहार नआएपछि उनले गाउँका केहि युवालाई देखाए तर फोनमा उनले सम्पर्क भने गर्न सकेनन् । बेलुका पख उनी आत्तिसकेका थिए । उनलाई छोरालाई पो केहि भयो कि भन्ने कुराले मन बटार्दै थियो । साहुलाई बचन दिएका रामलाई पैसाले भन्दा पनि छोरासँग किन सम्पर्क भएन भन्ने कुराले पिरोलीरहँदा सरकारले उनीजस्ता लाखौँ प्रविधिप्रयोगकर्तालाई त्रास र पिर थपिदिदैँ २६ सामाजिक सञ्जाल नै निष्क्रिय गरिदियो । यसरी २६ सामाजिक सञ्जाल नै निष्क्रिय हुँदा गाउँमा परिवारका अन्य सदस्यसँग टाढा रहेका र सामान्य मोबाइलमा हरियो र रातो कलरको अर्थ थाहा भएकालाई यो किन बन्द भयो भन्ने बारे नै थाहा छैन् । यसरी सरकारले लगाएको प्रतिबन्धले उपचारका लागि पैसाको आशमा बसेका देखि छोरा–छोरीसँग कुरा गर्ने इच्छाएर बसेका लाखौँ परिवार चिन्तामा परेका छन् । यसरी राज्यले आफ्ना सन्तानसँग कुरा गर्ने बाटो नै काट्देला भन्ने कहिल्यै कल्पना नगरेकाहरु यो खुल्ला कि नखुल्ला भन्ने दोधारमा छन् । हुन त सरकारले यस्तो प्रतिगमनकारी आचरण पहिलो पटक भने देखाएको होइन । गत वर्ष २७ कात्तिकमा प्रचण्ड नेतृत्वको सरकारले मन्त्रीपरिषद्बाटै निर्णय गर्दै टिकटकमा सामाजिक सद्भाव बिगार्ने काम गरेकोले बन्द गरिदियो । त्यसको चौतर्फि बिरोध भएता पनि त्यो कुराले सरकारमा आसिन नेतृत्वकर्ता आलोचना मन नपर्दा बन्द गर्न अग्रसर हुन्छन् भन्ने भाष्य त्यसबखत नै स्थापित भएको हो । हुँदा हुँदा वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीका विवादास्पद तर्क, चालनचलन र 'झोले' देखि सत्ता टिकाउन गरेको छुद्र खेलले आजित सामाजिक सञ्जाल प्रयोगकर्ताहरुले आलोचनात्मक टिप्पणी र कटाक्ष गरिराख्या थिए । पटक पटक संविधान विपरित सदन विगठन गर्नेदेखि तथ्यहिन तर्कसम्म बोल्न संकोच नमान्ने प्रधानमन्त्री ओली नेतृत्वको सरकारले अन्य कुरा गर्न नसकेनी यसबिच सामाजिक सञ्जाललाई सुचिकृतको नागरिक अभिव्यक्तिलाई नियमनको नाममा नियन्त्रण गर्ने कुदृष्टि राखेको सरकार पछिल्लो समय चाहन्छ उसँग मेटा लगायत सामाजिक सञ्जालका ती २६ सञ्जालले उसलाई डेटाबेस दियोस् । जसको तात्पर्य हो, सरकारले भोली यस डाटाको आधारमा उसलाई अपाच्य र उसको विरोधको स्ट्याटस देखि सामग्री नियन्त्रण गर्न सकोस् र उस्तै परे सामाजिक सञ्जाल प्रयोगकर्तालाई जेलदेखि जरिवानाको नाममा उसको आलोचनात्मक लेखलाई रोक्न सकोस् । मेटाले अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप डेटा र नागरिक अभिव्यक्तिको स्वतन्त्रताको लागि कुनै कुरा निष्क्रिय गर्न नमिल्ने भन्दै पछिल्लो भेटमा सरकारलाई जनाएको थियो । तर, सरकारले कर र अन्य कुराको पासो देखाएर नागरिकको लेखन र




नाममा निष्क्रिय नै गर्दा बौद्धिकस्तरमा विभिन्न हिसावले भाष्य निमार्ण भएको देखिन्छ । त्यसैले होला वर्तमान सरकार ठेक्काको काम नगरि भागेको ठेकेदारलाई तहलाउन सक्दैन्, न त उ भ्रष्टलाई नै खोज्न सक्छ । न सरकार संविधान प्रदत नागरिक अधिकार नै संरक्षण गर्न सक्छ । न त बर्षौंदेखि गुमनाम निमर्ला पन्तहरुको बतात्कारी खोज्न सक्छ । सरकार सक्छ केवल कुलिङ्ग पिरियडमा अनियमितता गरेको तत्कालिन सभापातिलाई संसदीय सुनुवाइ समितिको सभापति बनाउन । धेरै बोल्ने र सरकारको विरोध गर्ने किरण साह होस् वा सरकारको प्रखर आलोचक जो कसैलाई कुनै न कुनै बहानामा पक्राउ गर्छन नै भन्ने उदाहरण टन्न छन् । सरकार आफ्नो लाज छोप्न र मुद्दालाई घुमाउन विभिन्न जालझेज गर्छ । त्यसैले होला, पछिल्लो समय सरकार मिडिया हुँदै मेटादेखि एक्ससम्मलाई नियन्त्रण गर्नका लागि सुकिकृतको बेसुरे बाँसुरी बजाई रहेको छ । यसै सरकारले सामाजिक सञ्जाल सञ्चालन गर्न बनेको विधेयक राष्ट्रिय सभामा दर्ता गरेर कुरेर बसेको छ । सरकारको विरोधलाई रोक्न निष्क्रिय गरेको २६ सञ्जालमा तिनै परेको छ जसमा सञ्चार क्षेत्र जोडिएको छ । यसरी हेर्दा सरकारले सञ्जाल निष्क्रिय गरेको नाममा लोकतन्त्रलाई नै नियन्त्रित गर्न खोजेको देखिन्छ । सरकार लोकको आवाज बन्द गर्दै उत्तरकोरियाको झझल्को देखाई रहेको छ । यसरी ओली सरकारको हुर्मदमा र दम्भमा सामाजिक सञ्जाल जनमानसको दैनिकि र कन्टेन्ट क्रिएटरदेखि विदेशी मरुभूमीमा आफन्तसँग सम्पर्क गर्न टुटाएको सम्बन्ध सायद नेपालीको लागि ठुलो निराशा हुन्छ । तर, खैर तर्क जे भएपनि यहाँ दुरदराजमा आफ्नाको फोन कुरेर बसेका लाखौँले सामाजिक चुनौति भोग्नु परेको छ । राज्यले विकल्प निमार्ण गर्दै सामाजिक सञ्जाललाई एकैपटक नभएर अन्यरुपमा पनि सुचिकृतको लागि आह्वान गर्न सक्दथ्यो । तर, त्यसको खिलाफमा सरकार दुरदराजको नागरिकलाई थप दुर बनाउँदा सरकारको नियोजित यो कार्यले भने ८४ कुर्ने छैन।

## निजामती दिवसको सान्दर्भिकता



उमेश मैनाली

निजामती सेवा दिवस २०६१ सालदेखि हरेक वर्ष मनाउने गरिँदै आएको छ । यस्ता दिवसहरुको आफ्नै महत्व हुन्छ । खासगरी सेवामा भएका राम्रा पक्षहरुप्रति गौरव गर्न, अग्रजहरुप्रति कृतज्ञता गर्न र त्यसबाट शिक्षा लिएर भविष्यको मार्गदर्शनका लागि दिवस मनाउने गरिन्छ।

विसं २०१३ मा प्रधानमन्त्री टङ्कप्रसाद आचार्यले निजामती सेवा ऐन जारी गरेपछि नेपालमा निजामती सेवा औपचारिक रुपमा थालनी भएको हो भने २०१६ सालमा प्रधानमन्त्री विपी कोइरालाले यसलाई आधुनिकीकरण र व्यवस्थित बनाउनु भएको थियो । निजामती सेवा ऐन जारी भएको चार महिनामै पौषमा निजामती सेवा नियमावली जारी भएको थियो । यसले विस्तारै भर्ना र बढुवामा पब्लिक सर्भिस कमिशनलाई सरिक गराउन थालिएको देखिन्छ । निजामती सेवाले आफ्नो गौरवका कुरा के भयो, सात दशकमा केही गर्व गर्न लायक कामहरु भएका छन्, तिनको समीक्षा गर्ने अवसर पनि दिवसले प्रदान गर्छ।

सामाजिक र राजनीतिक संस्था निस्क्रिय हुँदा निजामती सेवाले धान्ने गर्दै आएको छ । कर्मचारीतन्त्रले हरेक राजनीतिक परिवर्तनको पछाडि आएका सङ्क्रमणकालीन अवस्थाको व्यवस्थापन गर्दै आएको छ । त्यति मात्र होइन, सशस्त्र द्वन्द्वको बेला सुरक्षाकर्मीसमेत जान नसकेको ठाउँमा निजामती सेवाले मात्र सरकारी उपस्थिति देखाउन सकेको थियो । जनतालाई सेवा दिने क्रममा थुप्रै असैनिक दर्जाका कर्मचारीको ज्यान पनि गयो । समयमा स्थानीय निर्वाचन नहुँदा कर्मचारीले जनप्रतिनिधिका काम समेत गर्नु परेको थियो।

कर्मचारीलाई अनिर्वाचित सिनेटको रुपमा लिने गरिन्छ । राज्यका तीनवटै अङ्ग कर्मचारीबाट नै सञ्चालित हुन्छन् । वास्तवमा कर्मचारीतन्त्र स्थायी सरकार पनि हो । राजनीतिक नेतृत्व जनताबाट आवधिक निर्वाचनमार्फत् निश्चित अवधिका लागि आउँछ तर कर्मचारी हजारौँसँग प्रतिस्पर्धा गरी आफूलाई अब्बल सावित गरी वर्षौंसम्म जनतासँग निकट भएर काम गर्दै आएका हुन्छन् । बदलिँदो विश्वपरिवेश, प्रविधिको विकास र राष्ट्रिय आवश्यकताअनुसार कर्मचारीमा नयाँ भूमिका थपिंदैछ । जनप्रतिनिधि र जनताबीचको मध्यवर्ती भूमिका खेल्नुपर्छ । नागरिकका सरकारमा पु¥याउने र सरकारका कार्यक्रम जनतासामु पु¥याउने माध्यम कर्मचारी हुन् । यी कामहरु गर्न हाम्रो कर्मचारीतन्त्र त्यति सक्षम देखिएन, सबै वर्गबाट आलोचित हुँदैछ।

कर्मचारीहरुको निस्पक्षता तब प्रदर्शित हुन्छ, जब उनीहरुको आफ्ना काममा स्वच्छता देखिन्छ । राजनीतिक दलबाट दिक्षित हुन थालेपछि यो सम्भव हुँदैन । राजनीतिक नेतृत्व र कर्मचारीतन्त्र सार्वजनिक प्रशासनका दुई पाटा हुन् र तिनीहरु एकअर्काका परिपूरक हुन् । दुवै वर्गले साझेदारको रुपमा काम गर्नुपर्छ । राजनीतिक नेतृत्वले दिएको नीतिलाई कर्मचारीतन्त्रले कार्यान्वयन गर्ने हो । कर्मचारीतन्त्रले राजनीतिक साध्यका लागि साधक हुनुपर्छ । साधन र साध्यबीचको बेमेलले असफलता हात लाग्दछ, यसले देश र जनतालाई फाइदा पुग्दैन । कर्मचारीमा जसरी राजनीति सङ्क्रिमत हुँदैछ, यो बढ्दै जाने हो भने राज्यबाट वितरण हुनेसेवाहरु दलीय आग्रह पूर्वाग्रहमा वितरण हुन थाल्नेछन् र यसबाट राज्य संयन्त्रप्रतिको जनताको विश्वास समाप्त हुनेछ । सेवा प्रवाहमा अराजनीतिकरण भएमा मात्र कर्मचारीतन्त्रप्रति नागरिकहरुले विश्वास गर्नेछन्।

कर्मचारीतन्त्र माथि लागेको आरोप

अहिले कर्मचारीतन्त्रले राजनीतिक परिस्थितीय अवस्थासँग मिल्न सकेन, परिवर्तनलाई आत्मसात गर्न जानेन भन्ने आरोप लाग्ने गरेको छ । पञ्चायतकालमा राजाहरुले व्यवस्था टिकाउन कर्मचारीतन्त्रलाई उपयोग गरे । एक अर्थमा भन्ने हो भने त्यतिबेला निजामती सेवा शक्तिशाली थियो तर जनताको नजरमा लोकप्रिय थिएन । २०४६ सालपछि कर्मचारीतन्त्रले आफूलाई रुपान्तरित गर्न सक्नुपथ्र्यो, नयाँ मूल्य मान्यता बोक्नुपथ्र्यो, त्यसो हुन सकेन । बरु राजनीतिक दलका भातृ संस्थाका रुपमा कर्मचारी सङ्गठनहरु खुले । यो निजामती सेवाको मूल धर्म विपरीत छ । यसले कर्मचारीको मुख्य धर्म निष्पक्षता, तटस्थताको पालना भएन।

यो संस्थाले लोकतान्त्रिक मूल्य बोक्न सकेन । जनताको सहभागिता, कानुनको शासनको आधारमा चल्न सकेन भन्ने आरोप लाग्दै आएको छ । गैरउत्तरदायी, अपारदर्शी, औपचारिक र अनौपचारिक प्रक्रियाको जञ्जालभित्र काम गर्न रुचाउने प्रवृत्ति हाबी हुँदै गएको टिप्पणी गरिन्छ । यसले गर्दा अहिले कर्मचारीतन्त्रलाई हेर्ने दृष्टिकोण राम्रो छैन । कामचोर भ्रष्टको रुपमा हेर्ने गर्छन् । यसो हुनुमा कर्मचारीतन्त्रकै कमजोरीलाई लिन सकिन्छ । राजनीतिक र सामाजिक परिवर्तनसँग आत्मसात गर्न सकेन । पछिल्लो समय कर्मचारीतन्त्रमा राजनीति गर्ने सोख र राजनीतिमा विज्ञ सल्लाहकार नियुक्त गरी प्रशासन चलाउने सोख बढेको पाइन्छ । यस्तो अवस्था आउन नदिन कर्मचारीहरुमा नैतिकता र सदचिरित्रताजस्ता गुणहरुलाई हराउन दिनुहुँदैन।

अब के गर्ने त?

आलोचना हुनु नराम्रो होइन, दिनहुँ जनतासँग प्रत्यक्ष सम्बन्ध राख्नुपर्ने हुँदा कर्मचारीको भूमिका पुनःप्रशिक्षित गर्नु पर्नेछ । हिजोको जस्तो कर्मचारी एक ठाउँमा मात्र उत्तरदायी रहनसक्ने अवस्था छैन, प्रविधिका कारण अब विभिन्न तहका सरकार, नागरिक समाज, संसद्, जनता र समग्रमा देशप्रति उत्तरदायी हुनुपर्ने देखिन्छ।

निजामती कर्मचारीले निष्पक्ष रूपमा कानुनअनुसार विधिसम्मत ढङ्गबाट नभई राजनीति दबाब र प्रभावमा रहेर कार्यसम्पादन गर्नुपर्ने स्थिति छ । त्यसैले, कर्मचारी संयन्त्रले निष्पक्षतापूर्वक काम गर्नसक्ने अवस्था नरहेको देखिन्छ । राज्यको नीति, कार्यक्रम र बजेट कार्यान्वयन गर्ने प्रमुख संयन्त्र भनेको निजामती प्रशासन नै भएकाले परम्परागत निजामती प्रशासनले मात्र परिणाम दिन सक्दैन । निजामती प्रशासन निष्पक्ष र जनउत्तरदायी हुनु पर्दछ।

अबका निजामती कर्मचारीले सूचना र प्रविधिलाई उच्च रूपमा प्रयोग गर्दै सेवाग्राहीलाई सहज रूपमा सेवा प्रवाह गर्नुपर्छ । निजामती प्रशासन राजनीतिक दबाब, प्रभाव, भ्रष्टाचार, अनुशासनहीनताबाट टाढा रहनुपर्दछ।

प्रविधिमा आएको चमत्कारले धेरैजसो सेवाहरु अब प्रविधिमैत्री भएका छन् । सानो मुलुक इस्टोनियामा ९९ प्रतिशत सेवा डिजिटलाइजेशनमा गएको छ । हामीहरु पनि अब विस्तारै त्यतितिर नगई धरै छैन । पुरानो सोच र कार्यशैलीमा रहेका कर्मचारीहरु आफ्नो भूमिका गौण हुने भयले नयाँ प्रविधिको विपक्षमा हुन सक्छन् । हामी कहाँ पनि लोक सेवा आयोगका परीक्षार्थीहरुले अनलाइनबाटै फर्म भरेका हुन्छन्, एकैपटक उनीहरुसँग देखभेट परीक्षा हलमा मात्र हुन्छ । अब सेवा प्रदायक र सेवाग्राहीबीच प्रत्यक्ष सम्पर्क हुँदैन, प्रविधिबाटै सबै काम हुने भएकाले यसमा अभ्यस्त हुन तद्रुरुप दक्ष जनशक्ति हुनु जरुरी छ । झन् अहिले त कृत्रिम बौद्धिकताले धेरै सेवाहरु प्रविधिबाटै हुन सम्भव भएको छ । त्यसैले नेपालको कर्मचारीतन्त्र प्रविधिमैत्री हुनैपर्छ । यसोहुँदा भ्रष्टाचार, ढिलासुस्ती, कुशासन जस्ता आरोपहरु विस्तारै कम हुँदै पनि जान्छ।

कर्मचारीले पनि आफ्नो संस्कारमा सुधार ल्याउन जरुरी छ । आफूमाथि लाग्दै आरोपलाई अन्त्य गर्न नैतिकता, दण्ड पुरस्कारलाई आबद्ध गर्नुपर्छ । लोकतन्त्रमा जनताको सर्वोच्चता हुनेहुँदा कर्मचारी संयन्त्रप्रति जनताको अपनत्व बढाउन नागरिक संस्था र प्रक्रियामा जानुपर्ने हुन्छ । आज विश्वका अधिकांश मुलुकमा नयाँ सार्वजनिक शासनको अवधारणाको विकास भएको छ । हामी कहाँ पनि यसको उदाहरण सामुदायिक प्रहरी र सामुदायिक वनमा गरेका छौँ । अब निजामती सेवा जनताप्रति उत्तरदायी नभई सुखै छैन । स्थायी सरकारका रूपमा रहेका कर्मचारीले राम्रो काम गर्दा मात्र सरकारको छवि राम्रो बन्ने भएकाले आमनागरिकमा सकारात्मक सन्देश जाने गरी सबै कर्मचारीले सेवाग्राहीलाई सेवा प्रवाह गर्नुपर्छ।

लोकतन्त्रमा नागरिकलाई जोड्ने कर्मचारीतन्त्रको हो । त्यसैले यसले आफ्ना पुरातन मूल्यमान्यतालाई लोकतान्त्रिक मूल्य मान्यताले विस्थापित गर्दै लैजान जरुरी छ । प्रशासनविद् वाल्डोले भने जस्तै व्यवस्था र व्यवस्थाका मूल्यमा काम गर्नु यस संस्थाको परम कर्तव्य हो । यसले यसमा प्रभावकारी भूमिका खेल्न सक्यो भने मात्र राज्यको जनतासँगको सामाजिक सम्झौताको नवीकरण हुन सक्दछ । कर्मचारीतन्त्र सरकारको सहयोगी मात्र होइन, राज्यको अवयव पनि हो।

कर्मचारीतन्त्रका जे जति अवगुण भए पनि यसको पूर्ण विकल्प भने देखिँदैन । यसैले कर्मचारीतन्त्रलाई जनउत्तरदायी, परिणाममुखी र सक्षम सेवाको रुपमा बदल्न सक्नुपर्दछ।

कर्मचारीले जनप्रतिनिधिको निर्णयलाई अवज्ञा गर्न मिल्दैन । पछिल्लो समय संसद्ले गरेका निर्णयहरुमा उच्चपदस्थ कर्मचारीहरुको असन्तुष्टि भन्ने कुराले छवि धमिल्याएको छ । जनप्रतिनिधि पनि कर्मचारीको इशारामा चल्नु हुँदैन । कर्मचारीले जनप्रतिनिधि प्रभावित तुल्याई आफ्नो एजेण्डा स्थापित गराउन खोज्नु हुँदैन । निजामती सेवाको तीनवटा भूमिका हुन्छ । त्यो हो सरकारले बनाएका नीतिहरुको कार्यान्वयन गर्नु, राजनीतिज्ञलाई तटस्थ सल्लाह दिनु र अप्ठ्यारो परेको अवस्थामा सरकार सञ्चालन गर्नु । त्यसभन्दा बाहिरको भूमिका खोज्नु हुँदैन । कर्मचारीतन्त्रप्रति विश्वास दिलाउन निजामती सेवा दिवसले प्रेरणा देओस्।

(प्रस्तुत विचार लोक सेवा आयोगका पूर्वअध्यक्ष तथा नेपाल सरकारका पूर्वसचिव मैनालीसँग गरिएको कुराकानीमा आधारित)

# जलवायु परिवर्तनको असर न्यूनिकरणमा श्रममन्त्री भण्डारीको प्रतिवद्धुता

**काठमाडौं ।**
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले जलवायु परिवर्तन, वातावरण र आप्रवासनबीचको अन्तरसम्बन्ध गम्भीर विषय भएको उल्लेख गर्दै कुनैपनि नेपाली नागरिक वा परिवार जलवायु कारणले विस्थापित हुन नपरोस् भन्ने सरकारको प्रतिवद्धता दोहो¥याएका छन् ।शुक्रबार काठमाडौंको आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले श्रम आप्रवासन नीतिमा समेत जलवायु परिवर्तनको विषय समेटिएकोले जानकारी दिएका थिए ।




मन्त्री भण्डारीले नेपाल सरकारले जलवायु परिवर्तनलाई प्राथमिकताका साथ हेरेको स्मरण गर्दै सगरमाथा संवाद र २५ बुँदे घोषणापत्रलाई उदाहरणको रुपमा प्रस्तुत गरे । नेपालले कार्बन उत्सर्जनमा न्यून योगदान हुँदाहुँदै पनि अन्य मुलुककै कारण नेपालले यसको नकारात्मक प्रभाव भोग्नु परेको औँल्याए ।

जलवायु परिवर्तनकै कारण नेपालीले बसाइसराइ गर्नु परेको तथ्याङ्क न्यून भए पनि नेपालले जलबायु परिवर्तनले ल्याउन सक्नु चुनौतिको सामना गर्न आवश्यक वातावरणीय र पूर्वाधार विकासमा केन्द्रित हुनुपर्ने धारणा राखे ।

सामाजिक र आर्थिक अवसरको खोजीमा नेपाली ऐतिहासिक कालदेखि देशभित्रै वा विदेश गएको स्मरण गर्दै नेपाली पलायन भए वा मुलुक नै नरित्तिएको स्पष्ट पारे ।

वैदेशिक रोजगारीमा जाने र फर्किने सङ्ख्याको तथ्याङ्क हेर्दा यस्तो नदेखिएको उल्लेख गरे। वैदेशिक रोजगारीलाई आप्रवासन भयो वा पलायन भन्नु उपयुक्त नहुने भन्दै मुलुकको दीर्घकालीन विकासको लागि नेपालमै सामाजिक र आर्थिक अवसरको खोजी गर्नु पर्नेमा मन्त्री भण्डारीको जोड रहेको थियो ।

उनले दक्षिण कोरिया, न्युजिल्यान्ड र आयरल्यान्डको विकास अनुभवलाई उदाहरण दिँदै सरकारले दीर्घकालीन रणनीतिक योजना बनाइरहेको जानकारी दिए ।

कोभिड–१९ महामारीका समयमा ठूलो संख्यामा नेपाली फर्किनु परेको र पछिल्लो अवस्थामा केही मुलुकको आप्रवासी सम्बन्धी नीति परिवर्तनले नेपाली आफ्नै मुलुकमा फर्किनु परेको जानकारी दिए । मुलुक नेपाली आफैंले बनाउनुपर्ने भएकाले विदेशमा सिकेको ज्ञान, पूँजी र सीपलाई आफ्नै मुलुकको आर्थिक विकास तथा रोजगारी सृजनामा प्रयोग गर्न सरकारले सकारात्मक वातावरण निर्माण गर्न लागेको जानकारी दिए ।

रेमिटेन्सले व्यक्तिको र परिवारको जीवनमा सुविधा पुगेपनि राष्ट्रिय अर्थतन्त्रलाई जोखिममा पार्ने भएकाले रेमिटेन्सलाई पूँजी निर्माण र परिचालनमा प्रयोग गर्नुपर्ने आवश्यकता औंल्याए ।

मन्त्री भण्डारीले वैदेशिक रोजगारी प्रक्रियामा ठगी रोक्न डिजिटल प्रविधि प्रयोग भइरहेको जानकारी दिए । उनका अनुसार, श्रम संसार प्रणालीमार्फत करिब एक करोड ९२ लाख श्रमशक्तिलाई सेवामा जोडिनुपर्ने धारणा राख्दै समग्र वैदेशिक रोजगारीका चरणहरुलाई सूचना प्रविधिमा जोडिने प्रक्रिया अघि बढेको बताए ।

औपचारिक वा अनौपचारिक क्षेत्रका श्रमिक, देशभित्र वा विदेशमा रहेका, महिला वा पुरुष –सबै नेपाली संविधान प्रदत्त अधिकारका हकदार भएको बताउँदै यस्तो भेदभाव नहुनको लागि आफू प्रयत्नशील रहेको बनाउदै कानुनीमा समेत परिवर्तन गर्न लागेको जानकारी दिए ।

उनले नागरिकलाई एकीकृत सेवा उपलब्ध गराउन स्थानीय तह र प्रदेशमा रहेको श्रम तथा रोजगार कार्यालयलाई प्रादेशिक संरचनामा रुपान्तरित हुन लागेको बताए ।रासस

# दोधारा–चाँदनी सुक्खा बन्दरगाह प्रधानमन्त्रीको भारत भ्रमणमा शिलान्यास हुन्छः गृहमन्त्री लेखक

**कञ्चनपुर।**
गृहमन्त्री रमेश लेखकले दोधारा–चाँदनीमा निर्माण हुने सुक्खा बन्दरगाह प्रधानमन्त्रीको आगामी भारत भ्रमणका बेला शिलान्यास हुने बताएका छन।

शनिवार नेपाली कांग्रेस प्रतिनिधिसभा क्षेत्र नं ३ प्रशिक्षण विभागले दोधारा–चाँदनीमा आयोजना गरेको प्रशिक्षणमा उनले प्रधानमन्त्रीको आगामी भारत भ्रमणका बेला दुवै देशका प्रधानमन्त्रीले दोधारा–चाँदनीमा बन्ने सुक्खा बन्दरगाह निर्माणको संयुक्त रुपमा शिलान्यास गर्ने बताएका हुन।

‘दोधारा–चाँदनीमा देशकै ठूलो सुक्खा बन्दरगाह बन्छ,’ उनले भने, ‘यसको शिलान्यास दुवै देशका प्रधानमन्त्रीले संयुक्त रुपमा गर्ने कार्यक्रम छ ।’ उनले दोधारा–चाँदनीमा पछिल्लो समय विकासले तीव्रता पाएको बताए।

कुनैबेला आकाशमा बादल देख्नेबित्तिकै बाढीको त्रासमा बस्नुपर्ने दोधारा–चाँदनीको महाकाली र जोगबुढा नदीमा बाँध बनेपछि सुरक्षित बनेको उनको भनाइ छ।

‘महाकाली नदीमा देशकै ठूलो पक्की पुल बनेकाले यहाँ अस्पताल र क्याम्पस बनेका छन’, गृहमन्त्री लेखकले भने, ‘जोगबुढा नदीमा बाँकी रहेका स्थानमा तटबन्ध बनाएर यहाँका नागरिकलाई बाढीबाट सुरक्षित गरिन्छ, त्यसका लागि बजेट विनियोजन भइसकेको छ।’

उनले मुलुकमा संविधान निर्माणका लागि नेपाली कांग्रेसले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख गर्दै संविधानको रक्षा पनि कांग्रेसले गर्नुपर्ने धारणा राखे । गणतान्त्रिक शासन व्यवस्था सुदृढ गर्न कांग्रेसको भूमिका महत्त्वपूर्ण रहेको उनको भनाइ थियो । वर्तमान सरकारले नीतिगत र कानुनी सुधार गरेको उल्लेख गर्दै उनले यसमा कर्मचारीको ठूलो सहयोग रहेको बताए।रासस

# नेपाली समाजमा अहिले बेचैनी र व्यापक आक्रोश छः गगन थापा



**काठमाडौं।**
नेपाली कांग्रेसका महामन्त्री गगन थापाले नेपाली राजनीतिक अवस्थालाई बिपी कोइरालाको विचारबाट मूल्यांकन गर्न आवश्यक रहेको बताएका छन्।

शनिबार जननेता विश्वेश्वरप्रसाद कोइरालाको ११२ औं जन्मजयन्तीको अवसरमा आयोजित वर्तमान ‘बिपीको विचार र वर्तमान नेपालको राजनीति’ विषयक गोष्ठीमा बोल्दै थापाले दक्षिण एसियाका मुलुकहरूसँग तुलना गर्दा नेपाल लोकतन्त्रको हिसाबले सहज अवस्थामा रहेको बताए।

‘पाकिस्तान, बंगलादेश, श्रीलंका, माल्दिभ्स, र भारतजस्ता मुलुकसँग तुलना गर्दा नेपाल लोकतन्त्रको दृष्टिले सहज अवस्थामा छ,’ थापाले भने, ‘लोकतन्त्रको सबैभन्दा महत्वपूर्ण पक्ष आवधिक निर्वाचन हो र त्यही निर्वाचनबाट आएको शक्तिलाई सहज रुपमा सत्ता हस्तान्तरण गर्ने प्रक्रिया हो। नेपाल अहिले यही चक्रमा स्थापित भइसकेको छ।’

थापाले नेपाली समाजमा बढ्दो असन्तुष्टि र बेचैनीप्रति पनि ध्यानाकर्षण गराउँदै अहिले देशभर आक्रोश र निराशा बढेको बताए ।‘हामी सबैले महशुस गरेको कुरा नेपाली समाजमा बेचैनी व्याप्त छ,’ उनले भने, ‘पहिलाको समयमा आशा थियो नेपालमा तर अहिले व्यापक असन्तुष्टि छ। आक्रोश छ। कहीं न कहीं आगो बलेको देखिन्छ। यो समस्या नेपालको मात्रै नभइ विश्वभरी यस्तै भइरहेको छ ।’थापाले यस्ता परिस्थितिमा बिपी कोइरालाको लोकतान्त्रिक सोच र समाजवादी दृष्टिकोणलाई आत्मसात गर्दै वर्तमान समस्याको समाधान खोज्नुपर्ने आवश्यकता औंल्याए। रासस

# सरकारको कमीकमजोरी देखाउने र आलोचना गर्ने छुट सबैलाई छः अर्थमन्त्री

**काठमाडौं ।**
अर्थमन्त्री विष्णु पौडेलले संचारमाध्यम एवम संचारकर्मीहरुलाई सरकारको कमी कमजोरीहरुको आलोचना गर्ने पूर्ण छुट रहेको बताएका छन् ।



शनिबार काठमाडौंमा आयोजित नेपाल आर्थिक पत्रकार समाज(सेजन)को २७ औं वार्षिक साधारण सभा तथा अधिवेशनमा उनले सेजनलाई सरकारको प्रसंशा होइन, सरकारले गरेको कमी कमजोरीहरुको आलोचना गर्ने पनि छुट भएको भन्दै त्यो अधिकार भरिपूर्ण तरिकाले प्रयोग गर्न पनि आग्रह गरेका छन् ।

उनले भने, ‘सेजनले देशको अर्थतन्त्रको विकासमा, समय सन्दर्भसँग जोडिएर विषयहरुमा छलफल गर्नुहुन्छ । बजेटका बेलामा वा त्यस्तै महत्वपूर्ण विषयमा छलफल गर्नुहुन्छ ।

साथै छलफल र अन्तरक्रिया आयोजना गरेर जस्तो किसिमको प्रतिक्रिया दिनुहुन्छ त्यो निरन्तरता दिनुहुन्छ भन्ने अपेक्षा गर्न चाहन्छु । तपाईहरुले सरकारको प्रसंशा होइन, सरकारले गरेको कमी कमजोरीहरुको आलोचना गर्ने पनि छुट छ । त्यो अधिकार भरिपूर्ण तरिकाले प्रयोग गर्न सक्नुहुन्छ ।’

सोही क्रममा नेपाल उद्योग वाणिज्य महासंघको अध्यक्ष चन्द्र ढकालले सरकारको आलोचना गरेर मात्र होइन सरकारसँग सहकार्य गरेर पनि नीजि क्षेत्रको माग पूरा हुनसक्ने कुरा महासंघले स्थापना गरेको बताएका छन् ।

उनले भने, ‘सेजनले आर्थिक गतिविधि बढाउने र निजी क्षेत्र प्रवद्र्धन गर्ने हिसाबले काम गर्नु भएको छ ।

दुई वर्ष अगाडि नेपालको अर्थतन्त्रको जुन भयावह अवस्था थियो त्यो अवस्थाबाट बाहिर आउनका लागि नेपाल उद्योग वाणिज्य महासंघले पहिलो पटक सरकारसँग सहकार्य गरेको थियो । त्यो बेला नै सरकारको आलोचना गरेर मात्र होइन सरकारसँग सहकार्य गरेर पनि निजी क्षेत्रको माग पूरा हुनसक्ने कुराको स्थापना गरेका थियौं ।’

नेपालमा सबै कानूनहरु हुँदापनि कार्यान्वयन सही तरिकाले नभएका कारणले पनि सरकारले खोजेको जस्तो परिणाम नआएको पनि उनको भनाइ छ ।

नेपाल चम्बर अफ कमर्शको अध्यक्ष कमलेश अग्रवालले अर्थतन्त्रका केही सूचक सकारात्मक देखिएपनि निजी क्षेत्र लगानीमा धेरै आकर्षित हुन नसकेको बताए ।रासस

# संसदीय प्रक्रिया र सचिवालयमा एआईको उपयोग सम्बन्धमा अध्ययन गरिरहेका छौँ– सभामुख घिमिरे

**ललितपुर ।**
सभामुख देवराज घिमिरेले कृत्रिम बौद्धिकता (एआई)को उपयोगले काम गर्न सहज हुने भएकाले त्यसको प्रयोगका सम्बन्धमा संसद्ले अध्ययन गरिरहेको बताएका छन ।

डिजिटल मिडिया फाउन्डेसनद्वारा शनिवार आयोजित राष्ट्रिय ‘आर्टिफिसियल इन्टेलिजेन्स’ सम्मेलनमा उनले संसद् तथा समितिमा हुने गतिविधिका साथै सदस्यहरुका अभिव्यक्तिलाई ‘स्पिच–टु–टेक्स्ट’ मा रूपान्तरण गर्ने, विधेयकसँग सम्बन्धित ‘डेटा’ शीघ्र पत्ता लगाउने तथा विश्लेषण गर्ने भएकाले एआई उपयोगी हुने बताए ।

सभामुख घिमिरेले गलत सूचना, ‘ह्याकिङ’ र डेटा सुरक्षाको चुनौतीलाई द्दष्टिगत गरी कृत्रिम बौद्धिकताको प्रयोग र नियमन गर्न आवश्यक नीतिगत तथा कानुनी व्यवस्थाको तयारी भइरहेको जानकारी दिए ।

‘प्राविधिक र व्यावहारिक रूपले जटिल यस्ता विषयमा कानुन निर्माणमा संसद् वा सरकारको क्षमताले मात्र नपुग्न सक्छ, यसमा विषयगत विज्ञहरू, सरोकार भएकाहरूको पहलकदमी र सक्रिय सहभागिता जरूरी छ’, उनले गत साउनमा सरकारले राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स नीति स्वीकृत गरेको स्मरण गर्दै भने ।रासस

# काठमाडौँमा राष्ट्रिय अनौपचारिक शिक्षा सम्मेलन सम्पन्न

**काठमाडौँ।**
शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले परम्परागत ज्ञान, सीप र कलालाई जीवनसँग जोड्ने अनौपचारिक शिक्षालाई सरकारले राष्ट्रिय योग्यताको प्रारूपअनुसार प्राथमिकता दिने बताएका छन।

अन्तरराष्ट्रिय साक्षरता दिवस २०२५ को अवसरमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा युनेस्को काठमाडौको संयुक्त आयोजनामा काठमाडौँमा शुक्रबार सम्पन्न राष्ट्रिय अनौपचारिक शिक्षा सम्मेलनमा मन्त्री पन्तले भने, ‘हामीसित पुर्ख्यौली ज्ञान अथाह छ, शिक्षा र सीपलाई जीवनसँग कसरी जोड्ने भन्ने अहिलेको मूल चुनौती भएको छ । परम्परागत ज्ञान, सीप र कला आधुनिकताको चपेटामा परी हराउँदैछन्।’

शिक्षा मन्त्रालयद्वारा अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार भइसकेको छ, जसमा अनौपचारिक शिक्षाका तह १–४ सम्मलाई सम्बोधन गरिएको छभने अहिले तह ५ को तयारी पनि भइरहेको छ।

मन्त्री पन्तले पुर्ख्यौली ज्ञानलाई निरन्तरता दिँदै वैज्ञानिक रूपमा व्याख्या गर्नुपर्नेमा जोड दिए । ‘मौसमी तरकारी तथा फलफूलको मात्र बास्ना र स्वाद पाइन्छ तर अहिले बेमौसमी तरकारी र खाद्यान्नको बाहुल्य छ। नयाँ पुस्ताले पुर्ख्याौली ज्ञान र सीप बिर्सँदै गयो’, मन्त्री पन्तले थपे, ‘अझ प्रकृतिलाई हेर्ने दृष्टिकोणमा पनि हामी चुकेका छौँ, जसको उदाहरण जलवायु परिवर्तनको असर हो। नयाँ पुस्ताले प्रविधिमात्रै जान्यो, प्रकृतिलाई कतिसम्म लिने र प्रयोग गर्ने भन्ने पनि जानेन।’

मन्त्री पन्तले औपचारिक शिक्षाले आजीवन सिकाइ, पुर्ख्याौली ज्ञान, प्रकृतिको संरक्षण र खाद्य संस्कृतिलाई सम्बोधन गर्न नसक्ने भएकाले अनौपचारिक शिक्षालाई अपनाउनुपर्नेमा जोड दिए।

राष्ट्रिय योजना आयोगका सदस्य गीताकुमारी पौडेलले कसैलाई पछाडि नपारी गुणस्तरीय समावेशी शिक्षा दिन अनौपचारिक शिक्षाको माध्यम महत्वपूर्ण हुने विचार व्यक्त गरिइन।रासस

# सामाजिक सन्जालमाथिको प्रतिबन्ध लामो समय जाँदैन्ः योगेश भट्टराई

**काठमाडौं।**
सत्ताधारी दल एमालेका सांसद योगेश भट्टराईले सामाजिक सन्जाल नियमन निर्देशिकबाट नभई संसदबाट बन्ने कानुन अनुसार हुनुपर्ने बताएका छन्।

ललितपुरमा शनिवार आयोजित आर्टिफिसियल इन्टेलिजेन्स सम्बन्धी दोस्रो राष्ट्रिय सम्मेलनमा बोल्दै उनले आफू संसदमा पुगेको सूचना प्रविधी लगायतका कानुन बनाएर मात्र नियमन गर्नु पर्छ भन्ने पक्षमा रहेको बताए।

‘सबै पक्षलाई निर्देशिकाबाट नियमन गर्न सक्दैन भन्नेमा म प्रष्ट छु,’ उनले भने‘ यसका लागि संसदमा पुगेका विधेयकहरु पास हुनुपर्छ।

त्यो पास भएपछि नै सरकारले नियमन शुरु गर्छ भन्ने लागेको थियो। तर निर्देशिकाबाटै काम शुरु भयो’।

उनले सरकारले निर्देशिकाको आधारमा सामाजिक सन्जालमाथि शुरु गरेको नियमन र सूचिकृत नभएका सन्जाल नेपालमा बन्द गरेको भन्दै यो लामो समय नजाने बताएका छन्।

नेपालभित्र सेवा दिनेहरु लुज कन्ट्रयाक्टमा आउनु पर्यो भनेर सरकारले नियमन शुरु गरेको र यसले सुविधा दिने र प्रयोग गर्नेहरू जिम्मेवार हुन् भन्ने मनसाय रहेको हुनसक्ने भन्दै २६ सामाजिक सन्जालमाथि नेपालमा रोक लगाउने कामको प्रतिरक्षा पनि गरे । तर उनले यो अवस्था लामो जान नहुने बताए।



‘प्रविधी हस्तान्तरण, लगानी लगायतबारे कानुन बनिसक्यो । सूचना प्रविधी, साइबर क्राइमबारे कानुन बन्ने प्रक्रियामा छ,’ उनले भने ‘सामाजिक सन्जालमाथिक प्रतिबन्ध लामो समय जाँदैन, जानू पनि हुँदैन। संसदमा विविध कानुन छ । संसदबाट ती कानुन बन्नुपर्छ।’ रासस

# फापरखेतीमा कृषकको आकर्षण बढ्दो

**मुगु ।**
यहाँका गाउँघरमा फापरखेतीतर्फ किसानको आकर्षण बढ्दै गएको छ । तरकारी र नगदे बालीले केही वर्ष ओझेलमा पारेको फापरखेतीमा हाल पुनः कृषकहरु आकर्षित भएका हुन् ।
विशेषगरी यहाँका मुर्मा, पिना, रारा र आसपासका बस्तीहरूमा किसानहरूले फापरखेती गर्न थालेका छन् । स्वास्थ्यका दृष्टिले लाभदायी मात्र नभई राम्रो मूल्य पाइने भएकाले किसान यसतर्फ आकर्षित भएका हुन् ।
स्थानीय शिक्षक नन्दसिंह रोकायाका अनुसार फापरखेती पहिले जस्तै लोकप्रिय हुन थालेको छ । उनले भने, 'हाम्रो पुरानो र मुख्य खेती नै फापर हो । अहिले बजारमा चामल र गहुँले ठाउँ लिए पनि फापरखेती फाइदाजनक भएकाले यसप्रति आकर्षण बढ्दै गएको छ ।'
वडा नं ९ मुर्मा गाउँकै अर्का कृषक झुपुकला रोकायाले फापरखेतीले आम्दानी दिने सम्भावना बढेको बताए । उनि भन्छन, 'पहिले फापरलाई गरिबको अन्न भनेर हेपिन्थ्यो । तर अहिले यसको पीठो र परिकार बजारमा महँगोमा बिक्री हुने गर्छ । यसले हामीलाई आत्मनिर्भरतासँगै आयस्रोत वृद्धि गरेको छ ।'
मुगु–रारा पर्यटकीय क्षेत्रमा आउने पर्यटकले स्थानीय उत्पादन खोजी गर्ने भएकाले फापरको माग दिनानुदिन बढ्दो छ । होटल व्यवसायीहरूका अनुसार, पर्यटकले विशेषगरी फापरका ढिँडो, रोटी, लड्डु, तथा विविध परिकार माग गर्छन् । यसले किसानलाई उत्पादन बढाउन थप हौसला मिलेको छ ।
फापरमा कार्बोहाइड्रेट, प्रोटिन, फाइबर, आइरनलगायतका पौष्टिक तत्व हुने बताइन्छ । उच्च रक्तचाप, मधुमेह, मुटु रोगीका लागि फापर उपयुक्त मानिने भएकाले स्थानीय उत्पादनले बाहिरी बजारमा प्रतिस्पर्धा गर्न सक्ने किसानहरू बताउँछन् ।
जिल्लाको चिस्यानयुक्त भेगमा सहजै फल्ने यो बालीमा उत्पादन खर्च पनि कम हुने गर्छ । स्थानीय सरकार र कृषि कार्यालयले समेत फापरलाई परम्परागत बाली संरक्षणसँगै आयआर्जनको विकल्पका रूपमा प्रवद्र्धन गर्ने योजना बनाएका छन् । रासस

# अझै ६१ स्थानीय तहले ल्याएनन् चालु आवको बजेट

**काठमाडौँ ।**
हालसम्म ६१ स्थानीय तहले चालु आर्थिक वर्षका बजेट सार्वजनिक गर्न सकेका छन् । नियमानुसार, गत असार १० गते स्थानीय तहको बजेट सार्वजनकि गर्नुपर्ने व्यवस्था छ ।
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार कूल ७५३ स्थानीय तहमध्ये ६९२ स्थानीय तहले हालसम्म बजेट सार्वजनिक गरी कार्यान्वयन गरेका छन् । बजेट पेश नभएका स्थानीय तहको सङ्ख्या ६१ वटा छन् । सो मन्त्रालयका अनुसार कोशी प्रदेशका पाँच, मधेस प्रदेशका ४०, वाग्मती प्रदेशका पाँच स्थानीय तहले हालसम्म बजेट प्रस्तुत गरेका छैनन । राजनीतिक विवाद र स्थानीय समस्याका कारण ती स्थानीय तहले बजेट प्रस्तुत गर्न नसकेको पाइएको छ । गण्डकी प्रदेशका सबै स्थानीय तहले बजेट ल्याउँदा, लुम्बिनी प्रदेशका सात, कर्णाली प्रदेशका तीन र सुदूरपश्चिम प्रदेशको एक स्थानीय तहले बजेट ल्याएका छैनन् ।
भोजपुरको साल्पासिलिछो गाउँपालिका, इटहरी उपमहानगरपालिका, धरान उपमहानगरपालिका, मोरङको सुनबर्षी नगरपालिका र ओखलढुंगाको सुनकोशी गाउँपालिकाले हालसम्म बजेट सार्वजनिक गर्न सकेका छैन ।
मधेस प्रदेश अन्तर्गत सप्तरीका मात्रै पाँच स्थानीय तहले बजेट ल्याएका छैनन् । सिरहाका तीन, धनुषाको १०, महोत्तरी एक, सर्लाहीको पाँच, रौतहटको पाँच, बाराको पाँच र पर्साका पाँच स्थानीय तहले बजेट ल्याएका छैनन् ।
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पोर्टलमा सम्बन्धित स्थानीय तहले प्रविष्ट गरेको विवरणअनुसार वाग्मती प्रदेश अन्तर्गत सिन्धुलीको हरिहरपुरगढी गाउँपालिका, दोलखाको बिगु, धादिङको खनियाबास र गल्छी गाउँपालिकाले बजेट ल्याएका छैनन् । काठमाडौँ महानगरपालिकाले यसअघि नै बजेट प्रस्तुत गरिसकेको भएपनि मन्त्रालयको विवरणमा उल्लेख नभएको देखिन्छ । लुम्बिनी प्रदेशको नवलपरासीको पाल्हीनन्दन गाउँपालिका र प्रतापपुर गाउँपालिका, रुपन्देहीको कोटहीमाई गाउँपालिका र सम्मरीमाई गाउँपालिका, कपिलवस्तुको शुद्धोधन गाउँपालिका, दाङको तुल्सीपुर उपमहानगरपालिका र लहमी नगरपालिकाको बजेट सार्वजनिक भएको छैन ।
कर्णाली प्रदेशको सल्यान जिल्लाको कुमाख, छत्रेश्वरी र दार्मा गाउँपालिकाले बजेट प्रस्तुत नगरेको मन्त्रालयको विवरणमा उल्लेख छ ।
यस्तै, सुदूरुपश्चिम प्रदेशको टिकापुर नगरपालिकाले बजेट प्रस्तुत नगरेको मन्त्रालयको विवरणमा उल्लेख छ । संवैधानिक व्यवस्थाअनुसार हरेक बर्षको जेठ १५ गते संघीय सरकारले सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकमा बजेट प्रस्तुत हुन्छ । यस्तै, असार १ गते प्रदेश सरकारको र असार १० गते स्थानीय तहले बजेट प्रस्तुत गर्ने व्यवस्था छ ।रासस

# बंगलादेश र नेपालबीच घरेलु मैदानमा मैत्रीपूर्ण खेल



**काठमाडौं ।**
नेपाली राष्ट्रिय फुटबल टोलीले घरेलु मैदानमा बंगलादेशसँग दुई मैत्रीपूर्ण खेल खेल्ने तय भएको छ ।
जस अन्तरगत नेपाल र बंगलादेशबीचको पहिलो खेल शनिबार साँझ ५:३० बजे दशरथ रंगशालामा हुन लागेको छ ।
साथै दोस्रो खेल मंगलबार हुने तय भएको छ । विजेताको निर्णय समग्र नतिजामा आधारित हुनेछ । यदि दुवै खेलमा समान नतिजा आए दोस्रो खेलपछि पेनाल्टी सुटआउटमार्फत विजेता घोषणा गरिनेछ । रासस

# सुनसान छ रामेछाप विमानस्थल

**रामेछाप ।**
कुनै बेला व्यस्त हुने गरेको रामेछाप विमानस्थल पछिल्लो समय सुनसान छ । यहाँको विमानस्थबाट नियमित उडान नहुँदा सुनसान भएको हो ।
काठमाडौँमा रहेको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट पूर्वी क्षेत्रको नजिकै रहेको विमानस्थलका रूपमा रहेको यो विमानस्थल अहिले हवाइजहाजहरू नचल्दा सुनसान भएको हो । पर्यटकीय समयमा मात्र सोलुको लुक्ला जाने बेला विमानस्थलबाट उडान भर्ने गरिन्छ ।
त्यसबेला काठमाडौँको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल बढी व्यस्त हुने भएकाले विदेशी पर्यटकलाई काठमाडौँबाट सडकमार्ग हुँदै मन्थली ल्याउने र त्यसपछि हवाइजहाजमार्फत सोलुको लुक्ला पुर्याउने गरिन्छ ।
दशैँ, तिहार र छठ जस्ता चाडपर्व नजिकिँदै गर्दा अन्य जिल्लामा चल्ने विभिन्न एयरलाइन्सले जिल्ला जिल्लामा जान अग्रिम बुकिङ खुला गरे पनि रामेछापका नागरिकहरूका लागि भने हवाइजहाजबट यात्रा गर्न कुनै एयरलाइन्सहरूले अग्रिम बुकिङ खुला गरेका छैनन् ।
पर्यटकको सिजनमा मात्र विमानस्थल चल्ने भएकाले विमानस्थल वरपरका रहेका होटल तथा पसलहरू पनि यतिखेर सुनसान छन् । जिल्लामा विमानस्थल हुँदाहुँदै पनि रामेछापका नागरिकहरूले यसको सुविधा नपाउनु दुःखको कुरा भएको स्थानीयको भनाइ छ । रामेछापका नागरिकहरूलाई पनि हवाई सुविधा दिलाउने पहल राजनीतिक दल र प्रदेश तथा सङ्घीय सांसदले गर्नुपर्ने स्थानीय वीरेन्द्र श्रेष्ठले बताए ।
उनले भने, 'यहाँका मानिसहरू सडकमार्गमार्फत काठमाडौँ जाँदा बिपी राजमर्गको १२५ किमि पार गर्नुपर्छ भने पुष्पलाल मार्गको तामाकोशी–चरिकोट–मुडे हुँदै करिब २०० किलोमिटर दूरी पार गर्नुपर्दछ ।'
गत वर्ष असोजको १२ गते आएको बाढीले पुष्पलाल मार्ग र बिपी राजमार्गको धेरै ठाउँका सडकमा क्षति पुगेकाले यी दुवै मार्ग जोखिमयुक्त छ । जिल्लामा सुविधा सम्मन्न एम्बुलेन्स नभइरहको अवस्था र मन्थलीबाट काठमाडौँका लागि भएका दुईवटा सडक मार्गहरू पनि भरपर्दा नभएकाले जटिल प्रकृतिका बिरामीहरू काठमाडौँ पठाउन निक्कै समस्या हुने गरेको श्रेष्ठको भनाइ छ ।
नजिकिँदै गरेको दशैँ तिहारजस्ता पर्वका लागि हिजोआज सहरबाट गाउँ आउनेहरूको सङ्ख्या बढ्दै जान लागेको छ । जोखिमपूर्ण सडकमार्गका कारण चाडपर्वमा घर आउनेलाई यात्रा सहज नभएको मन्थली–१ का नारायणदास श्रेष्ठ बताउछन । जिल्लामा हवाई सेवाला निरन्तर गरी पर्यटन प्रवद्र्धनमा समेत टेवा पु¥याउने उद्देश्यका साथ मन्थली नगरले पटकपटक पहल गरेको भए पनि त्यसको टुङ्गो नलागेको मन्थली नगरपालिकामा नगर पालिकाका प्रमुख लव श्रेष्ठ बताउछन ।
मेयर श्रेष्ठले भने, 'रामेछाप विमानस्थलमा नियमित उडानका लागि पहल गर्न जिल्लाका सङ्घीय सांसदसहित आफूहरू पर्यटन मन्त्रीलाई ध्यानाकर्षणपत्र बुझाउन पर्यटन मन्त्रालय गएको र मन्त्रीले सकारात्मक आश्वासन पनि दिएको तर त्यसको कुनै सुनुवाइ अहिलेसम्म नहुँदा नागरिकले निर्वाचित प्रतिनिधिलाई विश्वास गर्न छाडेका छन् ।'
रामेछापमा लामो सङ्घर्षपछि मात्र एयरपोर्ट कालोपत्रे गर्न सफल भएको, आफ्नो निरन्तर प्रयासले गत वर्ष असोजमा गएको बाढीका कारण मन्थलीबाट काठमाडाँै जाने दुवैतर्फको बाटो अवरुद्ध हुँदा आफूले निक्कै प्रयास गरेर केही समय हवाई सेवा सुरु भए पनि हाल बन्द भइको पूर्वराज्यमन्त्री एवं सङ्घीय सांसद पूर्णबहादुर तामाङले बताए । उनले भने, 'यहाँको विमानस्थलबाट रामेछापका नागरिक आउजाउ गर्नसक्ने गरी जहाज सञ्चालनका लागि विशेष पहल भइरहेको छ, सकभर दशैँअघिदेखि नै नियमित उडान गराउन म लागिपरेको छु । विशेष पहल गर्ने तयारी छ ।'
सोलुको लुक्लासम्मका लागि सीता, तारा र समिट एयरका एयरलाइन्सले यस एयपोर्टबाट पर्यटक ओसार्ने सिजनका बेला ६० देखि ६५ वटासम्म उडान भर्ने गरेका छन् । ती एयसलाइन्सका जहाजमार्फत आलोपालो प्रणालीद्वारा जिल्लाका नागरिक र बिरामीहरूलाई पनि सेवा दिने गरी आफ्ना कार्यक्रम सञ्चालन गर्नुपर्ने मन्थली न पा–२ का स्थानीय गुञ्जबहादुर श्रेष्ठले बताए । रासस

# भेनेजुएलाले बनायो चीनसँग सम्बन्ध झल्काउने स्मारक



**एजेन्सी ।**
चिनियाँ जनताको जापानी आक्रमण विरुद्दको युद्ध विजय र विश्व फासिष्ट विरुद्दको युद्द विजयको ८० औं वार्षिकोत्सव अवसरमा भेनेजुएलाले बुधबार काराकसमा स्मारक प्लाजा र स्मारकको अनावरण गरेको छ ।
जसमा राष्ट्रपति निकोलस मादुरो र देशका लागि चिनियाँ राजदूत लान हुको उपस्थिति थियो ।
सो अवसरमा राष्ट्रपति मादुरोले विश्व फासिस्ट विरोधी युद्धमा विजय हासिल गर्न चीनको महत्वपूर्ण भूमिकाप्रति गहिरो कृतज्ञता व्यक्त गरे ।
'यहाँ, हामीले फासीवाद विरुद्ध चिनियाँ जनताको प्रतिरोधमा विजयको ८० औं वार्षिकोत्सवको श्रद्धांजलीस्वरूप यो स्मारक वा मूर्तिकला र यो भव्य वर्ग निर्माण गरेका छौं,' उनले भने । उक्त स्मारक क्षेत्रमा चीन र भेनेजुएलाको राष्ट्रिय झण्डा र मूर्तिहरू राखिएको छ ।
चाइना मिडिया ग्रुप (सीएमजी) सँगको एक विशेष अन्तर्वार्तामा, भेनेजुएलाका उपराष्ट्रपति डेल्सी रोड्रिगेजले चीनको स्मारक कार्यक्रमको प्रशंसा गर्दै राष्ट्रपति सी जिनपिङको भाषणलाई 'प्रेरणादायी' भने र अशान्त विश्वव्यापी परिदृश्यको बीचमा कार्यक्रमको गहिरो सान्दर्भिकतालाई जोड दिए ।
सोमबार तियानजिनमा आयोजित 'शाङ्घाई सहयोग संगठन प्लस' बैठकमा राष्ट्रपति सीले गरेको प्रस्तावको प्रशंसा गरिन् । (सीसीटीभीप्लस)

# राहुघाटमा दुई जलविद्युत् आयोजना निर्माण तीनवटा निर्माणको अन्तिम चरणमा

**म्याग्दी ।**
म्याग्दीको रघुगङ्गा गाउँपालिका भएर बग्ने राहुघाट र सहायक नदीमा ५८ दशमलव आठ मेगावाट क्षमताका दुईवटा जलविद्युत् आयोजनाको निर्माण सकिएको छ । १११ मेगावाट क्षमताको थप तीनवटा आयोजना निर्माणको अन्तिम चरणमा छन् ।
तुँदीपावर कम्पनीले निर्माण गरेको ३७ दशमलव पाँच मेगावाट क्षमताको चिमखोला–राहुघाट–मङ्गले र संयुक्त ऊर्जा लिमिटेडको २१ दशमलव तीन मेगावाट क्षमताको ठूलोखोला जलविद्युत् आयोजनाले व्यावसायिक उत्पादन थालेका हुन् ।
रघुगङ्गा गाउँपालिका–३ तिल्केनीचौरस्थित राहुघाट जलविद्युत् आयोजनाको स्विचयार्डबाट अस्थायी रूपमा राष्ट्रिय प्रणालीमा जोडिएको हो ।
डाँडाखेत–राहुघाट प्रसारण लाइन आयोजना निर्माण पूरा नभएकाले उत्पादित विद्युत् खेर जान नदिन अस्थायी संरचनामार्फत राष्ट्रिय प्रणालीमा जोडिएको तुँदी पावरका आवासीय इञ्जिनियर



प्रकाश तिमिल्सिनाले बताए ।बन्दीदेखि चिमखोलास्थित चिमखोला–राहुघाट–मङ्गले को विद्युतगृहसम्म आठ किलोमिटर १३२ केभी क्षमताको प्रसारण लाइन ठूलोखोला र २२ दशमलव पाँच मेगावाटको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजनाले साझेदारी गरेर बनाएका छन् । चिमखोलादेखि तिल्केनीसम्म २२० केभी क्षमताको प्रसारण लाइन ठूलोखोला, माथिल्लो ठूलोखोला, चिमखोला–राहुघाट–मङ्गले र अपर राहुघाट जलविद्युत् आयोजनाले बनाएका हुन् ।
रघुगङ्गा गाउँपालिका–८ कुइनेमङ्गलेमा निर्माण भएको ठूलोखोला जलविद्युत् आयोजनाको प्रवद्र्धक संयुक्त ऊर्जाका 'प्लान्ट म्यानेजर' विनोद पौडेलले यही भदौदेखि केन्द्रीय प्रसारण लाइनमा जोडिएको जानकारी दिँदै आयोजना पूर्ण क्षमतामा सञ्चालन भएको बताए ।
तीन अर्ब ६० करोड लागत अनुमान गरिएको आयोजनामा नेपाल बैङ्क लिमिटेडको नेतृत्वमा सनराइज बैङ्क, राष्ट्रिय वाणिज्य बैङ्क र सिद्धार्थ बैङ्कले लगानी गरेका छन् । कुइनेमङ्गले र चिमखोलाको सीमाक्षेत्र फेदीमा बाँध रहेको ठूलोखोलाको तीन हजार ३८२ मिटर सुरुङ र ६३४ मिटर पेनस्टक पाइप हुँदै ल्याइएको पानीलाई छरीमा निर्माण भएको विद्युत्गृहमा खसालेर विद्युत् उत्पादन गरेको हो ।
रघुगङ्गा गाउँपालिका–८ बन्दीमा बाँध रहेको चिमखोला–मङ्गले–राहुघाट जलविद्युत् आयोजनाको पाँच किलोमिटर ३०० मिटर लामो सुरुङबाट ल्याइएको पानी रघुगङ्गा–७ चिमखोलाको बगरस्थित विद्युत्गृहमा खसाल्न ९५० मिटर पेनस्टक पाइपलाइन बनाएको छ । चिमखोला–मङ्गले–राहुघाटस हित तुँदी पावर नै प्रवद्र्धक रहेको ४८ दशमलव पाँच मेगावाट क्षमताको अपर राहुघाट जलविद्युत् आयोजनाको लागत रु १४ अर्ब रहेको छ ।
यसैबीच, अपर राहुघाटले परीक्षण उत्पादनको तयारी गरेको छ । नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रो प्रवद्र्धक ४० मेगावाट क्षमताको राहुघाट र २२ दशमलव पाँच मेगावाट क्षमताको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजना पनि निर्माणको अन्तिम चरणमा छन् ।रासस

# काष्ठमण्डप कप मंगलबारदेखि हुँदै

**काठमाडौं ।**
काष्ठमण्डप विद्यालयको आयोजनामा तेश्रो काष्ठमण्डप कपअन्तर्गत बास्केटबल र फुटसलको प्रतियोगिता मंगलबारदेखि हुने भएको छ ।
बास्केटबल र फुटसलमा विभिन्न विद्यालयका ४९ टिम सहभागी हुने छन् ।
बास्केटबलको सिनियर ब्वाइजमा र गल्र्समा समान १२–१२ टिम सहभागी हुने आयोजक काष्ठमण्डपका इसीए इन्चार्ज सुन्दर बुढाथोकीले जनाएका छन् । फुटसलको सिनियर ब्वाइजमा १०, जुनियर ब्वाइजमा ९ र सिनियर गल्र्समा ६ टिमको सहभागिता निश्चित भएको आयोजकले जनाएको छ । मण्डिखाटारस्थित आयोजक काष्ठमण्डपको हातामा भदौ ३१ गतेसम्म चल्ने प्रतियोगिता लिग कम नकआउट आधारमा हुनेछ ।रासस

# बागलुङमा घ्यू भण्डारण गर्न 'कोल्ड स्टोर' सञ्चालन



**बागलुङ।**
बागलुङमा घ्यूको उचित तापक्रममा भण्डारणका लागि १० टन क्षमताको चिस्यान केन्द्र (कोल्ड स्टोर) निर्माण गरी सञ्चालनमा ल्याइएको छ।

जिल्लामा किसानको दूधको सङ्कलन, प्रशोधन र बजारीकरण गर्दै आएको बागलुङ दूग्ध सहकारी सङ्घले स्थापना गरेको उद्योगमा २० लाख रुपैयाँको लागतमा घ्यू कोल्ड स्टोर बनाइएको हो।

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको ५० प्रतिशत अनुदान सहयोगमा घ्यू कोल्ड स्टोर निर्माण गरिएको दूग्ध सहकारी सङ्घ बागलुङका अध्यक्ष दिपक गौतमले जानकारी दिए। सङ्घको १० लाख रुपैयाँ र १० लाख रुपैयाँ पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको अनुदानमा १० टन क्षमताको कोल्ड स्टोर बनाइएको हो।

जिल्लाका एक हजार ४०० भन्दा बढी किसानबाट दैनिक तीन हजार ५०० लिटर दूधको संकलन, प्रशोधन र बजारीकरण गर्दै आएको सङ्घले घ्यूलाई उचित तापक्रममा भण्डारण गरी बिक्री गर्नका लागि घ्यू कोल्ड स्टोरलेसघाएको गौतमले बताए।

'दूधको माग घटबढ हुन्छ, कहिले दूधको माग धान्नै सकिन्न कहिले दूध धेरै भएको हुन्छ, दूधबाट छुर्पी बनाउदा ठूलो परिमाणमा घ्यू उत्पादन हुन्छ, उत्पादन भएको घ्यू एकैपटक बजारमा बिक्रीसमेत हुँदैन त्यसैले घ्यूलाई उचित तापक्रममा भण्डारण गर्न सानो फ्रिजले पुग्दैन' गौतमले भने 'दूधको खपत कम हुँदा उत्पादन भएको घ्यूलाई क्रमश बिक्रीका लागि १० टन क्षमताको कोल्ड स्टोर अझै कम हुन्छ हामीलाई तर अनुदानले राहत मिलेको छ।' कोल्ड स्टोरमा घ्यूलाई माइनस डिग्रिमा भण्डारण गरिँदै आइएको छ।

अहिले सङ्घले एक हजार ५०० रुपैयाँ मा एक केजी घ्यू बिक्री गर्दै आएको छ। दूधसँगै दूधजन्य उत्पादन पनिर, छुर्पी, घ्यू र खुवा उत्पादन गर्दै आएको सहकारी सङ्घले आर्थिक वर्ष २०८१/८२ मा किसानबाट आठ करोड ९३ लाख रुपैयाँको नौ लाख ९२ हजार लिटर दूध खरिद गरेर बिक्री गर्दै आएको छ। दूधमा आत्मनिर्भर जिल्लाका रूपमा रहेको बागलुङमा २४ प्रारम्भिक सहकारी र एक सङ्घले दूधको संकलन र बजारीकरण गर्दै आएको छ। रासस

# पक्की सडक निर्माण

म्याग्दी।
गण्डकी प्रदेशमा आर्थिक वर्ष २०८१/८२ मा २४५ किलोमिटर सडक कालोपत्रे र ढलान भएको छ।

आर्थिक वर्ष २०८१/ ८२ को सहित विसं २०७४ मा प्रदेश सरकार स्थापना भएयता एक हजार १४६ दशमलब ८८ किलोमिटर सडक कालोपत्रे र ढलान भएको भौतिक पूर्वाधार विकास तथा यातायात ब्यवस्था मन्त्रालयले जनाएको छ।

मन्त्रालयका सिनियर डिभिजनल इञ्जिनियर डा महेन्द्र बानियाले प्रदेश सरकारले गत वर्ष सम्पन्न भएका ११ वटा सहित ११२ वटा सडक पुल निर्माण गरेको जानकारी दिए । उनका अनुसार गत वर्षको ६६ दशमलब ७३ किलोमिटर सहित हालसम्म ७६२ दशमलब ७३ किलोमिटर सडक ग्राभेल भएको छ।

गत वर्षको पाँच वटासहित ८७ वटा झोलुङ्गे पुल र ३९ वटासहित ६७ वटा भवन निर्माण तथा मर्मत भएको बानियाले बताए। गत आर्थिक वर्षमा १२ अर्ब ७१ करोड आठ लाख ६९ हजार रुपैयाँ बजेट बिनियोजन गरेको मन्त्रालयले ७६ दशमलब ५२ प्रतिशत अथवा नौ अर्ब ७२ करोड ६७ लाख ३७ हजार रुपैयाँ खर्च गरेको छ।



भौतिक पूर्वाधार विकास तथा यातायात ब्यवस्था मन्त्री प्रकाशबहादुर केसीले मन्त्रालयले पछिल्लो पाँच वर्षयताकै धेरै बजेट खर्च गरेको बताए । यस वर्ष पुराना योजनालाई पूर्णता दिन बहुवर्षीय योजनालाई प्राथमिकता दिएर बजेट बिनियोजन गरेको उनले बताए। मन्त्रालयले गत वर्ष चार अर्ब २७ करोड ६५ लाख ५६ हजार रुपैयाँ लागत अनुमान गरिएको ४७ सडक, १३ सडक पुल, १३ झोलुङ्गे पुल र एक वटा भवन निर्माणका लागि गत वर्ष बहुवर्षीय ठेक्का लगाएको छ। आर्थिक वर्ष २०८१/०८२ मा ६३ वटा बहुवर्षीय योजना सम्पन्न भएका छन्।

हाल २७१ बहुवर्षीय योजना निर्माणाधिन छन् । निर्माणाधिनमध्य १८६ प्रदेश सडक, चार सङ्घीय सडक, डिजाइन एण्ड बिल्ड माध्यमबाट निर्माण गर्नेगरी ठेक्का लागेका सात र तीन वटा सङ्घीयसहित ६६ वटा सडक पुल, १२ वटा झोलुङ्गे पुल र तीन वटा भवन छन्।

मन्त्रालयले सञ्चालन गरेका २० योजना समस्याग्रस्त छन् । बहुवर्षीय योजनामा १० अर्ब १५ करोड ८१ लख ७४ हजार रुपैयाँ दायित्व रहेकोमा आर्थिक वर्ष २०८२/०८३ मा चार अर्ब ७७ करोड ८३ लाख ३४ हजार रुपैयाँ बिनियोजन भएको छ।

सालबसाली योजनाको ठेक्का लगाउँदा बचत भएको रकम बहुवर्षीय योजनामा आन्तरिक रकमान्तर गरेर आर्थिक स्रोतको ब्यवस्थापन गरिएको मन्त्रालयका सचिव कमलबहादुर अधिकारीले बताए । गत वर्ष सालबसाली योजनाको ठेक्काबाट बचेको एक अर्ब ९४ करोड एक लाख ३१ हजार रुपैयाँ बहुवर्षीय योजनामा रकमान्तर गरिएको थियो।रासस

# कञ्चनपुर मानव बेचबिखनको उच्च जोखिम क्षेत्र

**कञ्चनपुर।**
मानव बेचबिखन तथा ओसारपसारका दृष्टिकोणले कञ्चनपुर जिल्ला उच्च जोखिम क्षेत्रका रूपमा रहेको छ।

जिल्ला भएर भारत आवतजावत गर्ने मुख्य नाका गड्डाचौकी भए पनि अन्य क्षेत्रमा खुला सीमाका कारण अवैध नाकाहरू विद्यमान रहेका छन् । अवैध नाकाहरू मानव बेचबिखनको प्रमुख चुनौतीका रूपमा देखा परेको माइती नेपालका कञ्चनपुर संयोजक महेश्वरी भट्टले बताए।

उनका अनुसार पछिल्लो समयमा जिल्लामा सीमानाका प्रयोग गरी बालबालिका, किशोरी, तथा महिलालाई भारत, खाडीमुलुक र अन्य देशतर्फ बेचबिखन हुने घटनाहरू बढ्दै गएका छन् । मानव बेचबिखनका घटनाहरू बढ्दै जानुमा गरिबी, बेरोजगारी, अशिक्षा, लैङ्गिक असमानता, घरेलु हिंसा र सामाजिक कुरीतिहरू मूल कारणका रूपमा रहेको संयोजक भट्टले बताए।

खुला सीमा, प्रविधिमैत्री निगरानीको अभाव, स्रोतसाधन र जनशक्तिको कमी, उजुरी दिन डराउने पीडित तथा परिवार, मुद्दा प्रक्रियामा ढिलाइ र सीमापार गराउन आफन्त वा परिवारकै संलग्नता रहने गरेको उनले उल्लेख गरे।

'मानव बेचबिखन नियन्त्रण सबैको साझा जिम्मेवारी हो', संयोजक भट्टले भने, 'यसलाई रोक्न सचेतना, समन्वय र सहकार्यनै मुख्य आधार हो।' मानव बेचबिखनको स्वरूप समयसँगै बदलिँदै गएको उल्लेख गर्नु हुदै उहाँले वैदेशिक रोजगारी, विवाहको प्रलोभन, पर्यटनका नाममा, तथा प्रविधि प्रयोग गरेर हुने 'साइबर ट्राफिकिङ'का घटना बढिरहेको बताए।

'यस्ता गतिविधिमा अन्तरराष्ट्रिय अपराध सञ्जाल सक्रिय रहँदै आएको छ', उनले भने, 'यसरी बेचबिखनमा परेकालाई अङ्ग बेच्ने, बालश्रममा लगाउने, यौन शोषण गर्ने वा जबर्जस्ती आपराधिक गतिविधिमा प्रयोग गर्ने गरिएको पाइएको छ।'

मानव बेचबिखनजस्तो जघन्य अपराधले राष्ट्रिय मात्र होइन अन्तरराष्ट्रिय सुरक्षा र मानव अधिकारलाई समेत गम्भीर चुनौती सिर्जना गरेको सामाजिक कार्यकर्ता हरिदत्त भट्टले बताए। उनका अनुसार, सीमा क्षेत्रमा प्रविधि–आधारित निगरानी (सिसिटिभी, बायोमेट्रिक प्रणाली), विद्यालय तहमा सचेतना, कानुनी र सामाजिक पुनःस्थापना कार्यक्रम सञ्चालन अनिवार्य भइसकेको छ।

माइती नेपालका कञ्चनपुर संयोजक भट्टका अनुसार गत १६ जुलाई २०२४ देखि १५ जुलाई २०२५ सम्मको अवधिमा भारततर्फ जान लागेका २८६ जनालाई रोकथाम गरेको छ । जसमध्ये १२७ जना गड्डाचौकी नाकामा, ४८ जना चारलेन पुलमा र ३८ जना झोलुङ्गे पुलमा रोकथाम गरिएको थियो । रोकथाम गरिएका व्यक्तिहरूमध्ये एक सय २९ जना बालबालिका र १५७ जना महिला रहेका छन्।

सीमानाकामा रोकथाम गरिएकामध्ये सुदूरपश्चिम प्रदेशका २४८ जना रहेका छन भने कञ्चनपुर जिल्लाका मात्रै १३६ जना रहेका छन् । त्यसै अवधिमा भारतको हरियाणा, मुम्बई, पिथौरागढ, पुना, विहार र चमौलीबाट बेचबिखनमा परेका आठ जनाको उद्धार गरी ल्याइएको उनले जानकारी दिए।

सोही अवधिमा माइती नेपालले सीमानाकामा १२ हजार ८३२ सवारीसाधन चेकजाँच गरेको छभने ४६ हजार ५६ जनालाई मानव बेचबिखन तथा सुरक्षित बसाइसराइबारे परामर्श दिएको छ । दुई सय ९० जनाको पारिवारिक पुनर्मिलन गरिएको छ । पैँतीस जनालाई सीमानाकाबाटै प्रत्यक्ष परामर्श दिएर घर फर्काइएको छ।

माइती नेपालमा खोजतलासका लागि १८० वटा निवेदन दर्ता भएको र जसमध्ये ७३ जना खोजतलास गर्दा भेटिएका छन्। घरेलु हिंसासम्बन्धी २२ वटा उजुरी दर्ता भएकामध्ये १८ वटा समाधान गरिएको छ भने मानव बेचबिखनविरुद्ध एक मुद्दा दर्ता भएको संयोजक भट्टको भनाइ रहेको छ।

मानव बेचबिखन रोकथामका लागि माइती नेपालले समुदायस्तरमा घरदैलो कार्यक्रम, पर्चा–पम्पलेट वितरण, किशोरीलाई कानुनी अनुशिक्षण, सडक नाटक लगायतका अभियान सञ्चालन गर्दै आएको छ । यसरी गाउँ–गाउँमै सचेतनासम्बन्धीका कार्यक्रम गरिए मानव बेचबिखनजस्तो जघन्य अपराध न्यूनीकरण गर्न सकिने शुक्लाफाँटा नगरपालिकाका नगर उपप्रमुख कल्पना पन्तले बताईन।

इलाका प्रहरी कार्यालय झलारीका प्रहरी निरीक्षक राजेश बस्नेतले सीमा क्षेत्रमा मानव बेचबिखन रोकथाम चुनौतीपूर्ण भए पनि समुदायको सक्रियता र सरकारी–गैरसरकारी निकायको सहकार्यलाई बढाउन सकिए समस्या कम गर्न सकिने विश्वास व्यक्त गरे।

'मानव बेचबिखन नियन्त्रणका लागि स्थानीय, प्रादेशिक र सङ्घीय सरकारबीच बलियो समन्वय र सहकार्य अपरिहार्य छ', उनले भने, 'न्यायिक प्रक्रियालाई छिटोछरितो बनाउन, तालिम तथा सीप विकासमार्फत रोजगारीको अवसर सृजना गर्न र डिजिटल माध्यम प्रयोग गरेर दीगो सेवा सुनिश्चित गर्न आवश्यक छ।'

मानव बेचबिखन रोकथामका लागि सचेतना, कानुन कार्यान्वयन, सुरक्षा सुदृढीकरण र समुदायस्तरको सक्रिय अभियान नै प्रभावकारी उपाय रहेको उनि बताउछन। रासस

# 'गाउँमा बुढापाका र बालबालिका मात्रै छन्'



**बागलुङ।**
बागलुङका धेरैसजो ग्रामीण क्षेत्र बसाइँसराइका कारण सुनसान बन्दै गएका छन् । बसाइँसराइले गाउँ मात्रै सुनसान भएका छैनन्।

पहिले धान, गहुँ र मकै फल्न खेतीयोग्य जमिन पनि अहिले उराठिलो बनेका छन् । कतै सिउँडी पलाएका छन्, त कतै वनमाराले ढाकिएका छन् । ताल्चा ठोकेको घर पनि चिरिएर रुग्ण बनेका छन् । खास गरी जिल्लाको काठेखोला गाउँपालिका, जैमिनी, गलकोट नगरपालिकामा बसाइँसराइ गरे सहर बजार झर्नेको सङ्ख्या धेरै छ।

अहिले गाउँमा बुढापाका र बालबालिका मात्रै छन् । युवा शक्ति पनि विदेश पलायन भइरहेका छन्। यसले गर्दा वर्षेनी उर्वर जमिन बाँझोमा परिणत हुँदैछ। बसाइँसराइ र जनशक्तिको विदेश मोहको असर उत्पादनमा परेको छ। बागलुङमा कूल एक लाख ७८ हजार ४०६ हेक्टर जमिन रहेको छ। त्यसमध्ये ४६ हजार १४८ हेक्टर जमिनमा खेती गर्न सकिन्छ । हाल ३० हजार ५०३ हेक्टर जमिनमा मात्रै खेती भइरहेको कृषि ज्ञान केन्द्र बागलुङका सूचना अधिकारी सन्तोष अधिकारीले जानकारी दिए।

कूल जमिनको २५ प्रतिशत मात्रै खेती योग्य जमिन रहेकोमा अहिले १७ प्रतिशत जमिनमा मात्र खेती हुने गरेको अधिकारीले बताए। बागलुङमा १५ हजार ६४५ हेक्टर जमिन बाँझो रहेको उनको भनाइ छ।

आगामी वर्ष अझै घट्ने संभावना रहेको अधिकारीले बताए । खेतबारीमा काम गर्ने जनशक्ति विदेशिने र बजार झर्ने गर्दा खेतीयोग्य जमिन बाँझो हुँदै गएको उनि बताउछन। आगामी वर्षहरुमा बाँझो जमिन थप बढ्दै जाने संभवना रहेको उनले सुनाए।

उनले भने, 'बागलुङ जिल्ला भरि ४६ हजार १४८ हेक्टर जमिनमा खेतीयोग्य जमिन छ, तर अहिले जम्मा ३० हजार ५०३ हेक्टरमा मात्रै खेती भइरहेको छ, यो सङ्ख्या पनि अझै घटिरहेको छ, १४ हजार ६२५ हेक्टर जमिन बाँझो छ भने एक हजार २० हेक्टर जमिनमा खती नगरि अन्य प्रयोगनका लागि प्रयोग भएका छन्, जबसम्म गाउँबाट बजार झर्ने र विदेश पलायन हुने अवस्था रोकिदैन तबसम्म खोतीयोग्य जमिन बाँझौँमा परिणत हुँदै जाने संभावना बढेको छ।'

जैमिनी –४ की देवी शर्माले बारीमा काम गर्ने मान्छे नहुँदा अहिले आफ्नो ८० प्रतिशत खेती गर्ने बारीमा झाडी पलाएको बताए। छरछिमेकी बसाइँ सरेर चितवन, गैडाकोट र भैरहवा गएको उनको भनाइ छ। पहिले २० मुरी धान, २२ मुरी मकै र कोदो उत्पादन गरेको स्मरण गर्दै अहिले पाँच÷सात मुरी उब्जाउन गाह्रो पर्ने शर्माले बताए। पैसा दिएर खनजोत गर्ने खेतालासमेत नपाइने उनि बताउछन।

'जुग जमान फेरिए, हाम्रो पालामा यो गाउँघर कति रमाइलो थियो, वरपरका खेतबारीमा धान, मकै, गहुँ उत्पादन हुन्थ्यो, बाहिरबाट केही पनि ल्याएर खान पर्दैनथ्यो, अहिले त गाउँमा गरि खाने थाले (ठाउँ) भएर पनि काम गर्ने मान्छे पाइँदैनन' उनले भने, 'हेर्दाहेर्दै मेरो हात पाखुराले दुःख गरेर अन्न फलाएको ठाउँ यस्तो झाडीले ढाक्ने भयो, पछि–पछि त अहिले खेती हुने ठाउँ पनि जङ्गलमा परिणत हुन्छन् भन्ने पिर लाग्न थाल्यो।'

काठेखोला –८ लेखानीका मेघराज कँडेलले पछिल्लो १० वर्षमा गाउँका आधा बढी खेतीयोग्य जमिन बाँझो बनेको सुनाए।

पहिले बारीमा उत्पादन गरेको धान बेचेरै वर्षभरी खान लाउन पुग्ने गरेको भन्दै अहिले बारी भएर पनि उत्पादन गर्न नसक्ने उनको भनाइ छ । युवा विदेश जाँदा गाउँमा बुढाबुढी मात्रै रहेको भन्दै आफूहरुले काम गर्न नसक्दा खेतीयोग्य जमिन बाँझो बनेको कँडेलले बताए।

जिल्लामा कूल खेतीयोग्य जमिनको २५.८७% जमिनमा मात्र सिँचाइ सुविधा पुगेको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय बागलुङले जनाएको छ । दुई हजार ८४१ हेक्टर जमिनमा मात्रै बाह्रै महिना सिँचाइको सुविधा रहेको छ । रासस

# भोजपुर– दिङ्ला सडक कालोपत्रे गरिँदै

**भोजपुर।**
भोजपुर सदरमुकामलाई उत्तरी क्षेत्रसँग जोड्ने भोजपुर–दिङ्ला ३३ दशमलव ५ किलोमिटर सडक कालोपत्र थालिएको छ। कोशी प्रदेश सरकारको एक अर्ब २२ करोड ३२ लाख रुपैयाँ लागतमा दुई खण्डमा कालोपत्रको काम थालिएको हो।

पहिलो खण्ड भोजपुर दिङला तीनतले १७ दशमलव ५ किलोमिटर सडक ५८ करोड ४० लाख १५ हजार ५६१ रुपैया लागतमा काम भइरहेको छ । विसं २०८० मङ्सिरमा महिनाबाट सम्झौता भएर काम सुरु गरिएको यो सडक २०८२ मङ्सिर महिनामा सम्पन्न गर्नु पर्ने सम्झौता रहेको छ । यो सडकको भौतिक प्रगति ४५ प्रतिशत हारहारीमा रहेको पूर्वाधार विकास कार्यालय भोजपुरले जनाएको छ।

दोश्रो खण्ड भोजपुर–दिङ्ला–तीनतले–दिङ्ला १६ किलोमिटर सडक ६३ करोड ९२ लाख ६२ हजार ७६१ रुपैयाँ लागतमा निर्माण भइरहेको छ।

विसं २०८० पुस महिनामा सम्झौता भएको यो सडकको २०८२ पुस महिनामा सम्पन्न गर्ने गरी काम भइरहेको पूर्वाधार विकास कार्यालय भोजपुरका प्रमुख राजनराज रेड्डीले जानकारी दिए । यो सडकको भोतिक प्रगती २० प्रतिशत रहेको छ । यी दुवै सडक आस्फाल्ड प्रविधिबाट कालोपत्र हुने प्रमुख रेड्डीको भनाइ छ।

'भोजपुर–दिङ्ला सडक कालोपत्रको काम दुई खण्डमा भइरहेको छ'प्रमुख रेड्डीले भने, 'यो सदरमुकामलाई उत्तरी क्षेत्र जोड्ने महत्वपूर्ण सडक पनि हो । सडक निर्माणलाई प्राथमिकताका साथ अघि बढाएका छौँ।'

सडक कालोपत्रको कामले तीव्रता पाएपछि उत्साह बढेको षडानन्द १० का स्थानीय निमा शेर्पाले बताए । सडक कालोपत्र भएपछि यहाँका कृषि उपजको बजारिकरणसँगै षडानन्द नगरपालिका र साल्पासिलिछो गाउँपालिकाका नागरिकलाई सहजता हुने उनको भनाइ छ । सडक कालोपत्र भएपछि वर्षातको समयमा सङ्खुवासभा जिल्ला घुमेर भोजपुर सदरमुकाम जानु पर्ने बाध्यताकोसमेत अन्त्य हुने उनले जानकारी दिए।

यो सडक कालोपत्र भएपछि उत्तरी क्षेत्रका नागरिकलाई सहजता हुने षडानन्द नगरपालिका प्रमुख सुरेन्द्रकुमार उदासले बताए । सडकलाई निर्धारित समयमा गुणस्तरीयढंगले सम्पन्न गराउन नगरले आवश्यक भूमिका खेलिरहेको उनको भनाइ छ।

'यो उत्तरी क्षेत्रको लागि महत्वपूर्ण सडक हो' प्रमुख उदासले भने, 'सडक कालोपत्र हुने गरी काम थालिएपछि स्थानीयमा उत्साह बढेको छ । कालोपत्रको कामलाई गुणस्तरियढंगले समयमा सम्पन्न गराउन नगरले आवश्यक भूमिका खेलिरहेको छ।'

सडकको पहिलो खण्डको निर्माणको जिम्मा निर्माण कम्पनीले लिएका छन्।रासस

# मधेशलाई 'इन्डस्ट्रियल करिडोर' बनाउने लक्ष्य



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशलाई औद्योगिक कोरिडोरको रूपमा स्थापित गर्ने लक्ष्यसहित आगामी कात्तिक २७ देखि ३० गतेसम्म जनकपुरधामको तिरहुतिया गाछीमा पहिलो अन्तर्राष्ट्रिय औद्योगिक एक्स्पो २०२५ आयोजना हुने भएको छ । उद्योग परिसङ्घ मधेश प्रदेश, सिया इभेन्ट्स र ग्लोब टेक इन्डियाको संयुक्त आयोजनामा हुने यो एक्स्पो मधेशकै पहिलो ठूलो औद्योगिक मेला हुने बताइएको छ । उद्योग तथा पर्यटन मन्त्रालय, मधेश प्रदेश, उद्योग विभाग, जनकपुरधाम उपमहानगरपालिका र नेपाल फ्रन्ट फाउन्डर एसोसिएसनको औपचारिक सहयोग रहनेछ । आयोजकका अनुसार प्रदर्शनीको मुख्य आकर्षण उद्योग, कृषि र अटो एक्स्पो हुने छन् । चार दिनसम्म चल्ने यस कार्यक्रम अन्तर्गत प्रत्यक्ष उत्पादन प्रदर्शन, अत्याधुनिक मेसिनरी, स्वचालन, कृत्रिम बुद्धिमत्ता, स्मार्ट खेती उपकरण र नयाँ प्रविधिहरू प्रस्तुत गरिनेछ । त्यस्तै, प्रमुख अटो कम्पनीहरूले विद्युतीय र स्वचालित सवारी साधनसमेत प्रदर्शनीमा प्रस्तुत गर्नेछन् । एक करोड रुपैयाँभन्दा बढी लागतमा आयोजना हुने यस मेलामा १४० भन्दा बढी स्टल रहनेछन् । आयोजकहरूले नेपालका विभिन्न प्रदेशसँगै भारतलगायतका छिमेकी मुलुकका उद्योगी, व्यवसायी, नवप्रवर्तनकर्ता र लगानीकर्ताको व्यापक सहभागिता रहने विश्वास गरेका छन् । उद्योग परिसङ्घ मधेश प्रदेशका अध्यक्ष प्रमोद साहले एक्स्पो केवल प्रदर्शनको लागि मात्र नभई उद्योगी–व्यवसायीबीच प्रत्यक्ष संवाद, सिप हस्तान्तरण, अनुभव आदान–प्रदान र लगानीका नयाँ अवसरहरू खोज्ने प्लेटफर्म हुने बताएका छन् । उनका अनुसार यस कार्यक्रमले नवप्रवर्तनलाई प्रोत्साहन गर्ने र प्रदेशको आर्थिक वृद्धिमा क्रान्तिकारी योगदान गर्नेछ । एक्स्पो अवधिभर विशेषज्ञद्वारा विभिन्न कार्यशाला, प्यानल छलफल र प्रविधि प्रदर्शन गरिनेछ । यसमार्फत सहभागीहरूले विश्व बजारको प्रवृत्ति, स्मार्ट टेक्नोलोजी, दिगो उत्पादन प्रणाली र व्यवसायिक रणनीति सम्बन्धी जानकारी लिन सक्नेछन् । आयोजकहरूले जनकपुरधाममा आयोजना हुने यो एक्स्पोले मधेश प्रदेशलाई मात्र नभई सम्पूर्ण नेपाललाई औद्योगिक हबको रूपमा चिनाउन मद्दत गर्ने विश्वास व्यक्त गरेका छन् । साथै, यस प्रदर्शनीले युवाहरूलाई रोजगारी, स्थानीय उत्पादनलाई बजार, र प्रदेशमा नयाँ लगानीको वातावरण सिर्जना गर्ने विश्वास गरिएको छ ।

# एनपीएलको दोस्रो संस्करणको ट्रफी टुर विराटनगरबाट



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल क्रिकेट सङ्घ (क्यान) ले दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपीएल) को ट्रफी टुर विराटनगरबाट शुरु गर्ने भएको छ । शनिबारदेखि शुरु हुने ट्रफी टुरलाई क्यानले मेचीदेखि महाकालीसम्म क्रिकेटको माहोल सिर्जना गर्ने विशेष अभियानका रूपमा अघि सारेको छ ।

क्यानका सचिव तथा पूर्वकप्तान पारस खड्काले ट्रफी टुरको जानकारी दिँदै यसलाई देशव्यापी क्रिकेट उत्सवका रूपमा मनाइने बताए । ट्रफी टुर एनपीएलका आठै फ्रेन्चाइज टोलीको प्रतिनिधित्व गर्ने शहरमा पु¥याइनेछ । त्यसको शुरुवात कोशी प्रदेशस्थित विराटनगर किङ्ग्सको गृहशहरबाट हुनेछ । त्यसपछि मधेश प्रदेशको जनकपुरधाम (साविक विजेता जनकपुर बोल्ट्स), चितवन (चितवन राइनोज), काठमाडौं, पोखरा, लुम्बिनी, कर्णाली हुँदै अन्तिममा सुदूरपश्चिम पुगेर ट्रफी टुर सम्पन्न हुनेछ । काठमाडौँमा आयोजित विशेष कार्यक्रममा विश्व कीर्तिमानी पर्वतारोहीहरू फुन्जु जाङ्मी, मिङ्मा ग्याल्जे शेर्पा र मिङ्मा डेबिट शेर्पाले एनपिएलको ट्रफी सार्वजनिक गरे । क्यानले यसपटकको ट्रफी टुरलाई केवल खेलकुदसम्म सीमित नराखी वातावरणीय सचेतना अभिवृद्धिसँग पनि जोडेको छ ।

क्यानका अनुसार यसपटकको ट्रफी टुरलाई 'ग्लोबल वार्मिङ र वातावरण संरक्षण' सम्बन्धी जनचेतनासँग जोडेर अघि सारिएको छ । क्यानले खेलकुद र सामाजिक जिम्मेवारीलाई एकैसाथ अघि बढाउने रणनीति लिएको छ । नेपाल प्रिमियर लिग (एनपीएल) को दोस्रो संस्करण आगामी मंसिर १ गतेदेखि त्रिवि क्रिकेट मैदान, कीर्तिपुरमा शुरु हुने भएको छ ।

देशव्यापी ट्रफी टुरपछि टिमहरू बीचको कडा प्रतिस्पर्धा हेर्ने प्रतिक्षा क्रिकेटप्रेमीमा बढेको छ । एनपीएललाई नेपाली क्रिकेटको इतिहासमै ठूलो फ्रेन्चाइज लिगका रूपमा हेरिएको छ । यसले खेलकुदलाई मात्र नभई पर्यटन र स्थानीय अर्थतन्त्रलाई समेत टेवा पुऱ्याउने विश्वास गरिएको छ ।

# नागरिकलाई समृद्ध बनाउने योजना अनुसार काम हुँदैछः अर्थमन्त्री



**मधेशदृष्टि**
**रौतहट ।**
मधेश प्रदेश सरकारका अर्थमन्त्री तथा नेपाली कांग्रेसका जिल्ला सभापति सुनिल कुमार यादवले विकासको माध्यमबाट नागरिकलाई समृद्ध बनाउने योजना अनुसार काम गरिरहेको बताएका छन् । गृह जिल्ला रौतहटको कटहरियामा आयोजित कार्यकर्ता भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै अर्थमन्त्री यादवले प्रदेश सरकारले नागरिकलाई समृद्ध बनाउन कृषि र भौतिक पूर्वाधार विकासमा जोड दिएको बताए । कार्यक्रममा उनले पार्टी संगठनलाई थप मजबुत बनाउन सबै तहका नेता र कार्यकर्ताबीच आपसी विश्वास, समन्वय र निरन्तर संवाद आवश्यक रहेकोमा जोड दिए । उनले प्रदेश सरकारले गरेका विकास योजनाबारे जानकारी दिँदै कार्यकर्तालाई पार्टी संगठनमा सशक्त रूपमा क्रियाशील रहन आग्रह गरे ।

नेपाली कांग्रेस कटहरिया नगर समितिले आयोजना गरेको कार्यक्रममा कार्यकर्ताहरूले आफ्नो गुनासो, समस्या र पार्टी संगठनको सुदृढीकरणबारे छलफल गरेका थिए । नगर कमिटीका अध्यक्ष शम्भुकान्त यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्थानीय नेतादेखि सामान्य कार्यकर्तासम्मको सक्रिय सहभागिता रहेको थियो ।

# हैजाका बिरामीको संख्या घट्दै

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा हैजासहित झाडापखालाका बिरामीको संख्या क्रमशः घट्न थालेको छ ।

नारायणी अस्पतालका प्रवक्ता डा. उदयनारायण सिंहका अनुसार पछिल्लो २४ घण्टामा जम्मा २८ नयाँ बिरामी मात्रै अस्पतालमा आएका छन् । शुरुमा धेरै संक्रमित भेटिएका वीरगंज महानगरपालिका–१२ र १३ बाट पनि नयाँ बिरामी आउने क्रम प्रायः रोकिएको स्वास्थ्यकर्मीहरूले जनाएका छन् । जिल्ला स्वास्थ्य कार्यालयले सार्वजनिक गरेको तथ्यांकअनुसार हालसम्म वीरगंज र पोखरियामा गरी २ सय २ जना हैजा संक्रमित पुष्टि भएका छन् । तीमध्ये १ सय ८८ जना वीरगंजका विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थामा पुगेका हुन् भने १४ जना पोखरिया अस्पतालमा उपचार गराइरहेका छन् । कुल संक्रमितमध्ये १ सय ८६ जना निको भएर घर फर्किएका छन् भने १६ जना अझै पनि उपचाररत छन् । दुई सातामा १ हजार ५४ झाडापखाला तथा हैजाका बिरामी उपचारका लागि अस्पताल पुगेका मध्ये ९ सय ४९ जना डिस्चार्ज भइसकेका छन् । अहिले पनि १ सय ५ जना विभिन्न अस्पतालमा उपचाररत छन् । तीमध्ये ११ जना आइसियूमा, ५ जना एचडीयूमा र ८९ जना सामान्य वार्डमा छन् । अस्पतालवार हैजा संक्रमितको संख्या हेर्दा नारायणी अस्पतालमा ६२ जना, तराई अस्पतालमा ५१ जना, नेसनल मेडिकल कलेजमा २९ जना, वीरगंज हेल्थ केयरमा ११ जना र भवानी अस्पतालमा १० जना उपचार गराइरहेका छन् ।

# नगर अस्पतालमा डायलासिस सेवा शुरु हुने तयारी

**मधेशदृष्टि**
**सर्लाही ।**
ईश्वरपुर नगरपालिकाले आफ्नै नगर अस्पताल बयलबासमा डायलासिस सेवा शुरु गर्ने तयारी गरेको छ ।

नगरपालिकाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट भर्खरै आवश्यक औजार, उपकरण र स्वास्थ्य सामग्री प्राप्त गरेको नगरप्रमुख मनोजकुमार आचार्यले जानकारी दिए । नगरपालिकाले मिर्गौला पीडित स्थानीयवासीका लागि पहिलो पटक डायलासिस सेवा नगर अस्पताल बयलबासमा उपलब्ध गराउने लक्ष्य राखेको छ । हाल पहिलो चरणमा आरो प्लान्ट, मोटर र फिल्टर जडानको काम भइरहेको छ । आरो प्लान्टको काम सम्पन्न



भएपछि डायलासिस मेसिन जडानका लागि इन्जिनियर बोलाइने स्वास्थ्य शाखा संयोजक सुगेन्द्र महतोले जानकारी दिए । यो सेवा शुरु भएपछि मिर्गौला पीडित स्थानीयवासीले जनकपुरधाम, वीरगंज र नारायणगढ जस्ता शहर जानुपर्ने बाध्यता कम हुनेछ । नगरप्रमुख आचार्यका अनुसार डायलासिस सेवामा अहिले बिरामीले भोगिरहेको हैरानी र अत्यधिक खर्च कम गर्दै आफ्नै ठाउँमै सहज सेवा उपलब्ध गराउने उद्देश्य रहेको छ ।

डायलासिस सेवा सञ्चालनका लागि नगरपालिकाले हेल्पिङ ह्यान्डसँग सहकार्य गर्दै तीन करोड रुपैयाँ बराबरको स्वास्थ्य सामग्री उपलब्ध गराउने प्रतिबद्धता पाएको छ । साथै, राष्ट्रिय मिर्गौला केन्द्र वनस्थलीसँग समन्वय गरी तीन जना स्वास्थ्यकर्मीलाई तालिम दिइसकिएको छ । भविष्यमा थप जनशक्ति व्यवस्थापनका लागि दरखास्त प्रक्रिया पनि सञ्चालन गरिने महतोले बताए ।

हाल उपलब्ध दुई वटा डायलासिस मेसिनबाट सेवा प्रारम्भ हुनेछ । केही महिनाभित्रै नेपाल सरकारको मापदण्ड अनुसार कम्तीमा पाँच वटा डायलासिस मेसिन जडान गर्ने योजना छ । सेवा सुचारु गर्न नेपाल विद्युत् प्राधिकरणसँग समन्वय गरी दुई सय केभीको ट्रान्सफर्मर जडान गरिसकिएको छ । नगरप्रमुख आचार्यका अनुसार डायलासिस सेवामा बिरामीको चाप र सेवा सञ्चालन प्रक्रियालाई प्रभावकारी बनाउन तत्कालै मापदण्ड तयार गरिनेछ ।

# होटेल र पसलमा विद्यार्थीको गतिविधि नियन्त्रणका लागि आग्रह

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) जनकपुरले विद्यार्थीहरूबाट फैलिँदै गएको सामाजिक विकृतिलाई नियन्त्रण गर्न सम्बन्धित पक्षसँग पहल गर्न आग्रह गरेको छ ।

हालै हिसानले उद्योग वाणिज्य संघ र होटेल व्यवसायीहरूलाई ज्ञापनपत्र बुझाउँदै विद्यार्थीहरूको अनुचित गतिविधि रोक्ने र नियन्त्रण गर्ने कदम चाल्न आग्रह गरेको हो । ज्ञापनपत्रमा जनकपुरधाम उपमहानगरपालिकाभित्रका विद्यालय र क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूले विभिन्न अश्लील र स्वास्थ्यमा प्रतिकूल गतिविधि बढाउँदै आएको उल्लेख छ । विद्यार्थीहरू ड्रेसमै पसलहरूमा पुगेर चुरोट, खैनी, गुट्खा जस्ता स्वास्थ्यका लागि हानिकारक पदार्थ सेवन गर्ने, जन्मदिन मनाउने नाममा होटेलमा गएर फजुल खर्च गर्ने, अभद्र व्यवहार गर्ने, अश्लील टिकटक वा भिडियो बनाउने र कोठा (रुम) भाडामा लिएर अश्लील गतिविधि सञ्चालन गर्ने क्रम बढ्दो देखिएको छ । हिसानका पदाधिकारीहरूका अनुसार यस्ता गतिविधिले विद्यार्थीको नैतिक विकास र शैक्षिक मूल्यमा असर पु-याउनुका साथै परिवार र समाजमा पनि नकारात्मक प्रभाव पार्ने खतरा बढाएको छ ।

ज्ञापनपत्रमा उद्योग वाणिज्य संघ र होटेल व्यवसायीहरूलाई स्पष्ट रूपमा विद्यार्थीहरूले अश्लील, अनुचित वा स्वास्थ्यमा प्रतिकूल काम नगरी संरक्षित वातावरणमा पढाइमा ध्यान दिन सक्ने प्रकारको पहल गर्न आग्रह गरिएको छ । हिसानले उद्योग वाणिज्य संघ र होटेल व्यवसायीहरूलाई पत्रमार्फत विद्यार्थीले रुम भाडामा लिएर अश्लील गतिविधि नगर्ने, सार्वजनिक स्थानमा चुरोट, खैनी, गुट्खा सेवन नगर्ने तथा होटेल र पसलमा अनुचित खर्च नगर्ने सुनिश्चितता मिलाउन पहल गर्न आग्रह गरेको छ । साथै, विद्यालयहरूले पनि आचारसंहिता कडाइका साथ लागू गरी विद्यार्थीहरूको अनुशासनमा निगरानी राख्नुपर्ने सुझाव पत्रमा उल्लेख छ । जनकपुरधाममा विद्यार्थीहरूको यस्तो सामाजिक विकृति नियन्त्रणमा नआएमा यसले समग्र समुदायको मूल्य, सामाजिक संस्कार र शैक्षिक वातावरणमा दीर्घकालीन नकारात्मक असर पर्ने हिसानले चेतावनी दिएको छ ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन